# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८

# DISASTER PREPAREDNESS AND RESPONSE PLAN 2078

कार्यपालिकाबाट स्वीकृत मिति : २०७८/०६/२५




# टिकापुर नगरपालिका

# कैलाली, सुदुरपश्चिम प्रदेश

बिषयगत क्षेत्रहरु

| |
|---|
| सूचना , संचार , समन्वय |
| खोज तथा उद्धार |
| स्वास्थ्य तथा पोषण , खानेपानी सरसफाई र स्वस्छता प्रबर्धन |
| आपतकालीन शिक्षा |
| संरक्षण |
| खाद्य सुरक्षा |
| आपतकालीन आश्रयस्थल तथा शिबिर ब्यबस्थापन र गैर खाद्य सामग्री बन्दोबस्ती |
| **शिघ्र पुनर्लाभ तथा पुनर्स्थापना** |

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८

# DISASTER PREPAREDNESS AND RESPONSE PLAN 2078

टिकापुर नगरपालिका

कैलाली

# बिषयसूची


परिच्छेद १. नगरपालिकाको संक्षिप्त परिचय तथा योजना पृष्टभूमि ........ 1

१.१. टिकापुर नगरपालिकाको चिनारी ........ 2

१.२. विपद्को जोखिम र संकटासन्नता ........ 5

१.३. विपद्को पृष्ठभूमी ........ 6

१.४. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका उद्देश्यहरु ........ 7

१.५. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा ........ 7

१.६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा विधि तथा प्रक्रिया ........ 8

१.६.१. योजना तर्जुको पुर्वानुमान ........ 9

६.१.२. विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना निर्माण कार्य र प्रक्रिया ........ 14

६.१.३. सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा ........ 14

६.१.४. प्रकोप जोखिम विश्लेषण ........ 15

१.७. जोखिम विष्लेषण ........ 15

१.७.१. प्रकोपको प्रभावस्तर ........ 15

१.८. विषयगत क्षेत्रका अगुवा तथा सहयोगी संस्थाको विवरण ........ 16

१.९. निकायगत भूमिका तथा जिम्मेवारी ........ 17

परिच्छेद २. नगरपालिकाको श्रोत साधनको आंकलन ........ 19

२.१. नगरपालिकाको स्रोत-साधनको आकलन ........ 20

२.२. भौतिक साधन श्रोतको आवश्यकता ........ 20

२.३. सामान्य प्राथमिकता प्राप्त पूर्वतयारी कार्य ........ 21

परिच्छेद 3. बिषयगत क्षेत्रको बिस्तृत पुर्बतयारी तथा प्रतिकर्य योजनाहरु ........ 22

३.१.विषयगत क्षेत्र: सूचना , सञ्चार र समन्वय ........ 23

३.२. बिषयगत क्षेत्र: खोज तथा उद्धार ........ 27

३.३. विषयगत क्षेत्र: स्वास्थ्य तथा पोषण, खानेपानी, सरसफाई र स्वच्छता प्रवर्धन ........ 32

३.४. बिषयगत क्षेत्र: आपतकालिन शिक्षा ....................................................................................................34

३.५.विषयगत क्षेत्र: संरक्षण ....................................................................................................38

३.६.बिषयगत क्षेत्र: खाद्य सुरक्षा....................................................................................................41

३.७. विषयगत क्षेत्र: आपत्कालीन आश्रयस्थल तथा शिविर व्यवस्थापन र गैर खाद्य समाग्री बन्दोबस्ती ............................44

३.८. बिषयगत क्षेत्र: शिघ्र पुनर्लाभ तथा पुनस्थापना ....................................................................................................47

परिच्छेद ४कार्यन्वयन तथा पुनरावलोकन रणनीति. ....................................................................................................50

परिच्छेद 5प्रतिवेदन तथा अभिलेखन. ....................................................................................................52

५.१. प्रतिवेदन तथा संचार....................................................................................................53

५.२.संस्थागत व्यवस्था....................................................................................................53

५.३.अभिलेखिकरण ....................................................................................................53

परिच्छेद 6१९ पुर्बतयारी तथा प्रतिकर्य योजना- कोभिड. ....................................................................................................54

६.१ कोविड १९को पृष्ठभूमि .................................................................................................... 55

६.२ कोभिड १९ प्रतिकार्य योजनाको उद्देश्य.................................................................................................... 55

६.३. टिकापुर नगरपालिकाको कोभिड १९ प्रतिकार्य तथा पूर्व तयारी योजना .................................................. 56

अनुसूचीहरु ....................................................................................................60

अनुसूची १ : बिभिन्न निकायसंग भएका दक्ष जनशक्तिको विवरण ....................................................................................................61

अनुसूची २ : सूचना, सञ्चार र समन्वय विषयगत क्षेत्र सदस्यहरुको सम्पर्क सूचि ....................................................................................................61

अनुसूची ३ : खोज तथा उद्धार विषयगत क्षेत्रका सदस्यहरुको सम्पर्क सूचि ....................................................................................................61

अनुसूची ४ : स्वास्थ्य तथा पोषण, खानेपानी, सरसफाई र स्वच्छता प्रवर्धन विषयगत क्षेत्रका सदस्यहरुको सम्पर्क सूचि ........61

अनुसूची ५ : शिक्षा विषयगत क्षेत्र सदस्यहरुको सम्पर्क सूचि ....................................................................................................62

अनुसूची ६ : संरक्षण विषयगत क्षेत्र सदस्यहरुको सम्पर्क सूचि ....................................................................................................62

अनुसूची ७ : खाद्य सुरक्षा क्षेत्रका सदस्यहरुको सम्पर्क सूची ....................................................................................................62

अनुसूची ८ : आपत्कालीन आश्रयस्थल तथा शिविर व्यवस्थापन र गैर खाद्य समाग्री बन्दोबस्ती बिषयगत क्षेत्रका सदस्यहरुको सम्पर्क सूची....................................................................................................62

अनुसूची ९ : शिघ्र पुनर्लाभ, पुनस्थापना बिषयगत क्षेत्रका सदस्यहरुको सम्पर्क सूची....................................................................................................63

अनुसुची १० : पालिकास्तरिय विषयगत शाखाहरुको बिवरण ....................................................................................................63

अनुसूची ११ : विपद्को समयमा सुरक्षित आश्रय स्थलको विवरण ....................................................................................................63

अनुसुची १२ : नगरपालिका क्षेत्र भित्र भएका सुरक्षा निकायहरु विवरण....64
अनुसूची १३ : नगरपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरुको विवरण....64
अनुसूची १४ : नगरपालिका भित्र सञ्चालननमा रहेका एम्वुलेन्सहरुको सम्पर्क सूची....64
अनुसुचि १५: विपद् व्यवस्थापन क्षेत्रमा संलग्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्सरकारी संस्थाहरुको विवरण....65
अनुसूची १६ : सञ्चारकर्मीहरुको सर्म्पक विवरण....65
अनुसूची १६ : नगरपालिका वा आसपासमा रहेको दमकल चालकको विवरण....66

## तालिकहरु

तालिका१: नगरपालिकामा रहेका नदीहरुको विवरण....2
तालिका २क्षेत्र को बर्गिकरण-भू :....3
तालिका ३: टिकापुर नगरपालिकाको जनसंख्या विवरण....5
तालिका४: नगरपालिकाको बाढी प्रोकोप संकटासन्नता स्थिति....6
तालिका ५:विपद्को ऐतिहासिक समयरेखा....9
तालिका ६बाताबरणको दृस्टीले सम्बेदनशील क्षेत्रहरु :....15
तालिका ७बाढी प्रकोपको प्रभाबस्तर :....16
तालिका ८आगलागी प्रकोपको प्रभावस्तर :....16
तालिका ९: बिषयगत क्षेत्रहरु,अगुवाई गर्ने निकाय र सदस्यहरु....16
तालिका १०: निकायगत भूमिका र जिम्बेवारी....17
तालिका ११: आवश्यकता को लेखाजोखा तथा खाडल )Gap'sको पहिचान (....20
तालिका १२: भौतिक श्रोत साधनको आवश्यकता....20
तालिका १३सूचना :, संचार र समन्वय बिषयगत क्षेत्रको प्रतिकर्य योजना....24
तालिका १४सूचना :, संचार र समन्वय बिषयगत क्षेत्रको पुर्बतयारी योजना....26
तालिका १५खोज तथा उद्धार बिषयगत क्षेत्रको प्रतिकार्य योजना :....29
तालिका १६खोज तथा उद्धार बिषयगत क्षेत्रको पूर्वतयारी योजना :....30
तालिका १७स्वास्थ्य तथा पोषण :,खानेपानी,सरसफाई र स्वच्छता प्रबर्धन क्षेत्रको प्रतिकार्य योजना....33
तालिका १८: आपतकालीन शिक्षा विषयगत क्षेत्रको प्रतिकर्य योजना....36
तालिका १९आपतकालीन शिक्षा विषयगत क्षेत्रको पुर्बतायारी योजना :....37
तालिका २०संरक्षण बिषयगत क्षेत्रको प्रतिकार्य योजना :....39
तालिका २१खाद्य सुरक्षा बिषयगत क्षेत्रको प्रतिकर्य योजना :....42

तालिका २२आपतकालीन आश्रस्थल तथा शिबिर बबस्थापन र गैर खाद्य सामग्री बन्दोबस्ती क्षेत्रको प्रतिकार्य : योजना......45
तालिका २३आपतकालीन आश्रस्थल तथा शिबिर बबस्थापन र गैर खाद्य सामग्री बन्दोबस्ती क्षेत्रको पूर्वतयारी : योजना......46
तालिका २४ शिघ्र :पुनर्लाभ तथा पुनस्थापना बिषयगत क्षेत्रको प्रतिकार्य योजना......48
तालिका २५शिघ्र पुनर्लाभ तथा पुनस्थापना बिषयगत क्षेत्रको पुर्बतयारी य ःोजना......49
तालिका २६:टिकापुर नगरपालिकाको कोभिड १९ प्रतिकार्य तथा पूर्व तयारी योजना-......56

# परिच्छेद१.  नगरपालिकाको संक्षिप्त परिचय तथा योजना पृष्ठभूमि

# १. पृष्ठभूमि

## १.१. टिकापुर नगरपालिकाको चिनारी

नेपालको सुदुरपश्चिम प्रदेश अन्तरगत पर्ने पूर्वी जिल्ला कैलालीको पनि पूर्वी भागमा कर्णाली नदीको तटमा व्यवस्थित टीकापुर, २०५३ साल माघ १७ गते पहिलो पटक घोषणा भई हाल २०७३ फागुन २७ गतेको मन्त्रिपरिषद्को निर्णय बमोजिम साबिक टिकापुर नगरपालिका, नारायणपुर र धनसिंहपुर गा.वि.स. मिलेर टिकापुर नगरपालिका बनेको हो । यो नगरपालिका पूर्वपश्चिम राजमार्गमा पर्ने लम्की वजार देखि १४ कि.मी. दीक्षणतर्फ र भारतको सिमाना देखि १४ किलोमिटर उत्तर तर्फ अवस्थित छ । यो नगरपालिका २८° ३१' ३०" उत्तरी अक्षांस र ८१° ०७' १५" पुर्वी देशान्तरमा अवस्थित छ । अहिले टीकापुर नगरपालिका १२२.२२ बर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । यसको सिमाना पूर्वमा कर्णाली नदी र बर्दिया जिल्ला, पश्चिममा भजनी नगरपालिका, उत्तरमा जानकी गाउँपालिका र दक्षिणमा मोहना नदी भारत सिमानासंग जोडीएको छ ।

टीकापुर नगरपालिका नेपालकै आधुनिक योजना सहितको नगरपालिका हो । टीकापुर नगरपालिका समुन्द्र सतहबाट १४५-१६१ मिटर उचाईमा रहेको छ । टीकापुर नगरपालिकामा कर्णाली, पथैरया, रानी जमरा, मोहना जस्ता नदी तथा खोलाहरू पर्दछन भने विपद जोखिमका दृष्टिबाट यो नगरपालिका उच्च जोखिममा रहेको छ । बर्षेनी हुने डुबान, बाढी, आगलागीका घटनाहरूबाट नगरपालिकाका धेरै बस्तीहरू आक्रान्त बनेका छन् । यसको अलावा महामारी, असिना, चट्याङ्ग, सितलहर, लु, किरा आतङ्क, जङ्गली-जनावर आतङ्क जस्ता विपत्का घटनाहरू नगरबासीले सामना गरी रहनुपरेको छ । साथै कम बारम्बारता भएको तर जनधनको क्षति उच्च हुनसक्ने भूकम्पीय जोखिमको सम्भावना पनि उत्तिकै देखिन्छ । पूर्वाधार तथा आवासीय भवन निर्माणमा भवन-संहिता तथा मापदण्डको उचित पालना नहुँदा भविष्यमा हुनसक्ने भूकम्पीय जोखिम तथा क्षतिको पनि उत्तिकै सम्भावना रहेको छ । यी विविध प्रकोपहरूको सम्भावनालाई मध्यनजर गर्दा नदी-तटीय र घना बस्तीहरूमा डुवान, बाढी साथै आगलागी, महामारी जस्ता प्रकोपहरूको जोखिम कम गर्न जोखिम न्यूनीकरणका सचेतनामूलक गतिविधिहरू सञ्चालनका साथै जोखिम न्यूनीकरण गर्न आवश्यक देखिन्छ । यसका अलावा नगरवासीहरूलाई विपद् सम्बन्धी जनचेतना र भवन-संहिताको पालनामा सु-सुचित हुने कार्यक्रम सञ्चालनमा नगरपालिकाले सरोकारवाला निकायहरूसँग समन्वय, सहकार्य र साझेदारीलाई बढोत्तरी गर्दै समग्र विपद् व्यवस्थापनमा निजी क्षेत्रहरूको पनि संलग्नता बढाउनु पर्ने देखिन्छ । साथै नगरपालिकाले आवधिक योजना तर्जुमा तथा विकास निर्माणमा विपद् व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्न टड्कारो आवश्यकता रहेको छ ।

### १.१.१.प्रमुख प्राकृतिक स्रोत, नदी-नाला

टीकापुर नगरपालिका भएर वा टीकापुर नगरपालिकालाई सिमाना भएर बग्ने धेरै नदीनाला तथा नहरहरु छन । जसमध्ये, रानीजमरा नहर, कर्णाली नदी, खरवरुवा, भेडे, बनकुला, लोहरो कुला, पथरैया नदी, गौरी नाला र मोहना नदी प्रमुख हुन् ।

नगरपालिकामा रहेका नदीहरूको विवरण:

**तालिका१: नगरपालिकामा रहेका नदीहरुको विवरण**

| वडा नं. | नदी, कुला तथा नहरको नाम | नदी, कुला तथा नहरले छोएका बस्तिहरु |
|---|---|---|
| १ | जमरा कुला | ब्लक नं.ए, बि.,डि, ८, २९, ३०, ३१, ७ वटा शिविर, बनगाउँ |
| २ | रानीकुला, कर्णाली नदी | विजयनगर, राजीपुर, सितापुर, बिकासपुर, कोठारपुर, बन्दिपुर |
| ३ | जमरा कुला | घिया पुछरी, कटानपुर, शंकरपुर |

| | | |
|---|---|---|
| ४ | रानीकुला,अरबरुवा,भेडे,बनकुला,गमुवा, लोहरो कुला, जमरा कुला | बाघमारा, छेगरखैला, ईन्द्रैया, मौरनिया, कोदैपुर |
| ५ | रानी, कर्णाली | शाहीपुर, बसन्ता, सिम्रेनी |
| ६ | कर्णाली,रानीकुला, पथरैया नदी,जमरा कुला,गैरी नाला | सिम्रेनी, लक्षिनापुर, भर्तापुर, भगवानपुर, नारायणपुर, प्रसेनी, बेलुवाबोफि, मिलनपुर |
| ७ | पथरैया, मोहना नदी, कर्णाली नदी | सत्ति, बैदी, ढुंगानाटोल, कुन्ति |
| ८ | कर्णाली नदी,मोहना नदी | श्रीलंका, बनगाउँ, बटनपुर, चौगुर्दी, रामडाँडा, फाँटा, अरुनुवा, कालीमाटी |
| ९ | मोहना नदी | खक्रौला, पायलगाउँ, बैदी, |

स्रोतः टिकापुर नगरपालिकाको सभकक्षामा अयोजित विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण सम्वन्धि कार्यशाला २०७७ पौष १३ गते

## १.१.२. भू-क्षेत्रको वर्गिकरण

टिकापुर नगरपालिकाको भू-उपयोगको बिववरण निम्नानुसार छ

**तालिका२ः भू-क्षेत्र को बर्गिकरण**

| **विवरण** | **क्षेत्रफल (वर्ग कि.मि)** | **प्रतिशत** |
|---|---|---|
| खेतीयोग्य जमिन | ८७.३२ | ७३.७९ |
| वन जङ्गल | ९.६९ | ८.१९ |
| झाडी | ७.१९ | ६.०७ |
| तलाउ, पोखरी | ०.१६ | ०.१३ |
| वागवानी बगैंचा | ०.६२ | ०.५३ |
| घाँसे जमिन | २.९१ | २.४६ |
| वगर | ५.५४ | ४.६८ |
| खोला ,नाला | ४.४६ | ३.७७ |
| बाँझो जमिन | ०.४० | ०.३४ |
| अन्य | ०.०६ | ०.०५ |
| **जम्मा** | **११८.३३** | **१००.००** |

## १.१.३.पर्यटकीय स्थल

यस टिकापुर नगरपालिकाको जैविक पर्यटकीय क्षेत्रको रुपमा टिकापुर पार्क, टीकापुर बालउद्यान (टीकापुर नगरपालिका वडा नं. १/ब्लक नं. “ए”, ओजुवा ताल (अनुमानित १२ बिगाह), परशुराम कुण्ड (अनुमानित ६६ हेक्टर) र धार्मीक पर्यटकीय क्षेत्रको रुपमा नेपालको दुर्लभ प्राचीन पुर्वमुखी शिबलिङ्ग श्री पदम प्रकाशेश्वर महादेव मन्दिर टीकापुर न.पा. वडा नं. ७, सत्तीमा रहेको छ । यस नगरपालिकामा रहेको मोहना नदी डल्फिन संरक्षित क्षेत्रको रुपमा रहेको छ ।

## १.१.४. व्यापारिक महत्वका स्थानहरू

टिकापुर नगरपालिकाको प्रमुख ब्यापारिक क्षेत्रः टीकापुर बजार, नारायणपुर, सत्ति बजार टीकापुर नगरपालिका भित्र पर्ने पुरानो बजार क्षेत्र हो ।

### १.१.५. राजनैतिक एवं प्रशासनिक विभाजन

टीकापुर नगरपालिका साविकको टीकापुर नगरपालिका, नारायणपुर गा.वि.स. र धनसिंहपुर गा.वि.स. मिलेर बनेको छ । यो नगरपालिका ९ वटा वडामा बिभाजन गरिएको छ । टीकापुर नगरपालिका कैलाली जिल्लाको संघिय निर्वाचन क्षेत्र १ र प्रदेश निर्वाचन क्षेत्र १ “ख” पर्दछ ।

### १.१.६. जलवायु तथा हावापानी

विभिन्न अध्ययन अनुसार विगत ४५ वर्षको अन्तरालमा टीकापुर नगरपालिकाको तापक्रम तथा वर्षाको मात्रामा धेरै उतार चढाव आएको पाइएको छ। टीकापुर क्षेत्रमा रहेको जल तथा मौसम मापन केन्द्रको तथ्याङ्क अनुसार निम्न अनुसारको तापक्रम तथा वर्षाको अवस्था देखिन्छ ।

**अति उच्च तापक्रम भएका वर्षहरु**

| महिना | जनवरी | फेब्रुवरी | मार्च | अप्रिल | मे | जुन | जुलाई | अगस्ट | सेप्टेम्बर | अक्टोबर | नोभेम्बर | डिसेम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वर्ष | २०१३ | २००६ | २०१० | १९९९ | १९९४ | २०१२ | १९८७ | १९७९ | २०१२ | २००९ | २००८ | १९८५ |
| उच्च तापक्रम (°C) | २९ | ३४ | ३९ | ४३.६ | ४४.४ | ४५ | ४२ | ३७.८ | ३९ | ३६.२ | ३२.७ | २८.२ |

**अति न्यून तापक्रम भएका वर्षहरू**

| महिना | जनवरी | फेब्रुवरी | मार्च | अप्रिल | मे | जुन | जुलाई | अगस्ट | सेप्टेम्बर | अक्टोबर | नोभेम्बर | डिसेम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वर्ष | २०१३ | १९८४ | १९८९ | १९८९ | १९८९ | १९८८ | १९९६ | २०१३ | १९८६ | १९८६ | १९८८ | २०१० |
| न्युन तापक्रम (°C) | ० | २.२ | ४ | ८ | १४ | १० | १८.६ | १४ | १४.२ | ११.४ | ५.६ | २.६ |

**टीकापुर क्षेत्रको बार्षिक औसत बर्षा**

| महिना | जनवरी | फेब्रुवरी | मार्च | अप्रिल | मे | जुन | जुलाई | अगस्ट | सेप्टेम्बर | अक्टोबर | नोभेम्बर | डिसेम्बर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वष | १९९७ | २०१३ | २०१४ | १९८३ | १९९३ | २०१३ | १९७८ | १९८८ | २००८ | २००९ | १९९७ | १९९७ |
| उच्च वर्षा मि.लि | १३० | ११६.५ | ४३ | ४०.९ | ६९.६ | २०७ | २९८.९ | २९६ | २८२.७ | १७३.५ | १५.२ | १००.६ |

### १.१.७. जनसंख्या विवरण

कुल ११८.३३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको टीकापुर नगरपालिकाको १८,६२० घरपरिवारमा कुल ९८,६५१ जनसङ्ख्या रहेको छ । यस नगरपालिकाको १८.२१ प्रतिशत जनसख्या बिभिन्न कामको शिलशिलामा नगरपालिका भन्दा बाहिर रहेको छ । टीकापुर नगरपालिकाको जनघनत्व प्रति वर्ग किलोमिटर ६८२ जना रहेको छ । जनघनत्वको हिसाबले वडा नं. १ सबैभन्दा बढी जनघनत्व भएको वडा हो । यस वडामा रहेका विभिन्न मानवीय सुविधाहरू जस्तै :- शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सुरक्षा, व्यापार आदिको सघनता हो । टिकापुर नगरपालिका हाल बसोबास गर्ने जनसख्या र अनुपस्थित जनसख्याको वडागत विवरण निम्नानुसार छ ।

**तालिका नं.**

**तालिका ३: टिकापुर नगरपालिकाको जनसंख्या विवरण**

| वडा नं. | परिवार संख्या | हाल बसोबास गर्ने जनसंख्या | | | अनुपस्थित जनसंख्या | | | जम्मा जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | ९८२३ | १८३३ | २१४४५ | ३९७७८ | ६७६६ | १९८३ | ८७४९ | २५०९९ | २३२४८ | ४८५२७ |
| २ | १६५१ | ३३५२ | ४०५६ | ७४०८ | १५६१ | ७३५ | २२९६ | ४९१३ | ४७९१ | ९७०४ |
| ३ | ९८३ | २११७ | २४९४ | ४६१५ | ५२७ | १३३ | ६६० | २६४४ | २६३१ | ५२७५ |
| ४ | ९९५ | २०३१ | २४७८ | ४५०९ | ७२१ | २३९ | ९६० | २७५२ | २७१७ | ५४६९ |
| ५ | १०४९ | २१६६ | २६७९ | ४८४५ | ७२२ | १९० | ९१२ | २८८८ | २८६९ | ५७५७ |
| ६ | १०६७ | २२७६ | २७२५ | ५००१ | ८४७ | ३५३ | १२०० | ३१२३ | ३०७८ | ६२०१ |
| ७ | १३१५ | २७०४ | ३२९१ | ५९९५ | ९५१ | ३०४ | १२५५ | ३६५५ | ३५९५ | ७२५० |
| ८ | ९९४ | २१६० | २६८९ | ४८४९ | १०२४ | ४१२ | १४३६ | ३१८४ | ३१०१ | ६२८५ |
| ९ | ७४३ | १७७० | १९२० | ३६९० | ३७७ | ११६ | ४९३ | २१४७ | २०३६ | ४१८३ |
| **जम्मा** | १८६२० | ३६९०९ | ४३७८१ | ८०६९० | १३४९६ | ४४६५ | १७९६१ | ५०४०५ | ४८२४६ | ९८६५१ |
| **प्रतिशत** | | ३७.४१ | ४४.३८ | ८१.७९ | १३.६८ | ४.५३ | १८.२१ | ५१.०९ | ४८.९१ | १००.०० |

स्रोतः टिकापुर नगरपालिका, नगर पार्श्वचित्र २०७५

## १.२. विपद्को जोखिम र संकटासन्नता

टीकापुर नगरपालिका प्रकोप तथा विपद्को दृष्टिले उच्च जोखिम भएको नगरपालिका हो । यस नगरपालिकाको भौगोलिक अवस्थिति, धरातलिय स्वरुप नै प्रकोपका मुख्य कारण हुन् । नगरपालिका भित्र बग्ने नदीका कारण बर्षेनी बाढी, डुवान र कटानको जोखिम विद्यमान छ ।

यस नगरपालिकाको प्रमुख पाँच प्रकोपहरु १) बाढी, २) हावाहुरी, ३) आगलागी, ४) शितलहर र ५) जंगली जनावरको आतंक रहेका छन् । यसको अलवा बढ्दो सहरीकरण र भवन संहिताको पूर्णरुपले पालना नगरी निर्माण हुने भौतिक संरचनाका कारण भुकम्प पनि यस नगरपालिकाको डरलाग्दो प्रकोपको रुपमा अगाडी बढी रहेको छ ।

योजना निर्माणको क्रममा उपलब्ध सूचना, स्रोत, साधन र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शनका आधारमा माथि उल्लेखित मूख्य विपद्हरुमा केन्द्रित रही यो पूर्वतयारी तथा प्रतिकार्य योजना तयारी गरिएको छ ।

कैलाली जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ मुताविक बाढीको प्रकोपबाट संकटासन्न वडा तथा बस्तीहरु निम्नानुसार छन्-

**तालिका४: नगरपालिकाको बाढी प्रोकोप संकटासन्नता स्थिति**

| वडा नं. | जम्मा घरधुरी संख्या | प्रभाव पार्न सक्ने नदी | प्रभावित हुनसक्ने बस्ती |
|---|---|---|---|
| १ | ९८२३ | रानी कुला, जमरा कुला | ब्लक नं.बि.डि.,१३, १४ |
| २ | १६५१ | रानीकुला र कर्णाली नदी | बिजयनगर, राजीपुर, सितापुर, बिकासपुर, कोठरपुर,बिन्दपुर |
| ३ | ९८३ | जमरा कुला | घिया, पुछरी, कटानपुर, शंकरपुर |
| ४ | ९९५ | रानीकुला, जमराकुला,अरबरुवा,भेडे,बनकुला,गभुवा | बाघमारा, ईन्द्रैया, मौरनीया |
| ५ | १०४९ | रानी कुला,कर्णाली नदी | शाहीपुर, बसन्ता, सिमरेनी |
| ६ | १०६७ | पथरैया नदी, कर्णाली नदी, रानी कुला, जमराकुला | सिम्रेनी, लक्षिणापुर, भर्तापुर, भगवानपुर, नारायणपुर, प्रसेनी, बेलवाबोभ्की, मिलनपुर |
| ७ | १३१५ | कर्णाली नदी,रानीकुला,पथरैया,जमरा कुला,गैरीनाला | सत्ति,बैदी, ढुंगानाटोल, कुन्ति टोल, रामजानकी टोल, धामी टोल, |
| ८ | ९९४ | कर्णाली नदी, मोहना नदी, रानीकुलाको शाखा कुलाहरु | श्रीलंका,बनगाउँ,बटनपुर, चौगद्दी, कालिमाटी, अर्नवा, फाँटा, रामडाँडा, कर्मीडाँडा |
| ९ | ७४३ | मोहना नदी, रानीकुलाका शाखा कुलाहरु | खक्रौला, पायलगाउँ |

**यसरी नै, संकटासन्न वडा तथा घरधुरी बिवरण निम्नानुसार छन्-**

| विवरण | अति उच्च जोखिम | उच्च जोखिम | मध्ययम जोखिम | न्यून जोखिम |
|---|---|---|---|---|
| संकटासन्न वडाहरु | २, ५, ६, ७, ८ | ३, ९ | १, ४ | |
| संकटासन्न घरधुरी संख्या | १५७० | २०८७ | १८२९ | |

**स्रोतः** टिकापुर नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माणको सर्न्दभमा मितिः २०७७ पौष १३ गते बसेको स्थानीय विपद् व्यवस्थापन समिति र अन्य सरोकारवालाहरु बीचको बैठक

## १.३. विपद्को पृष्ठभूमी

नेपाल बाढी, पहिरो, आगलागी, खडेरी, अतिवृष्टी, शितलहर तथा भूकम्प जस्ता प्रकोपबाट उच्च जोखिममा रहेको छ । यस्ता विपद्वाट जोगाउन र प्रकोप सृजित विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न र सम्बन्धित निकायहरुको जिम्मेवारीलाई प्रष्ट किटान गर्नका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । आपत्कालमा गरिने प्रभावकारी मानवीय प्रतिकार्यमा संलग्न निकायहरूको पूर्वतयारीको स्तर र उनीहरुको क्षमता तथा सबै तहमा उपलब्ध स्रोत साधनको ठूलो प्रभाव पर्दछ । तसर्थ, प्राकृतिक तथा मानव सिर्जित जुनसुकै खालका विपद्का घटनाबाट हुन सक्ने जीउधनको क्षतिलाई न्यून गर्नका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना एउटा महत्वपूर्ण पक्ष हो । यसले विपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्ने र समुदायहरुलाई विपद् उत्थानशील गराउने कार्यमा मद्धत पुऱ्याउँदछ । यसै सन्दर्भमा गृह मन्त्रालयले तयार गरेको “विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ को पहिलो संशोधन २०७६” को आधारमा टिकापुर नगरपालिका स्थित सरोकारवालासँग छलफल र अर्न्तक्रिया गरी विपद्को न्यूनीकरण र सामना गर्ने क्षमताको विकास गर्न स्थानीय विपद् व्यवस्थापन समितिले **“विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८”** तर्जुमा गरिएको छ ।

विपद् व्यवस्थापनका विभिन्न चरणमा गरिने कामहरू मध्ये विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना विपद् जोखिम व्यवस्थापनको एक महत्वपूर्ण अंश हो । यसले विपद् पहिले, विपद्को अवस्था र विपद्को तत्कालीन प्रभाव समाप्त नभएसम्म गरिने कार्यलाई प्राथमिकता दिन्छ । विपद् पूर्वतयारी कार्यले विपद् अघि गरिने कार्यलाई प्राथमिकतामा राखेको हुन्छ भने आपत्कालीन कार्ययोजनाले विपद्को समयमा र विपद्बाट उत्पन्न असहज अवस्थामा आधारभूत मानवीय सेवा उपलब्ध गराउने कार्यलाई महत्व दिएको हुन्छ । विपद्बाट उत्पन्न असहज अवस्थामा प्रभावितको खोज तथा उद्धार गरी मानवजीवनको रक्षा गर्नु यस योजनाको प्रमुख उद्देश्य रहेकोछ । एक क्षण अथवा केही दिन मात्रको विपद्ले लामो समय लगाएर आर्जित उपलब्धीलाई तहस नहस बनाई समग्र विकासको स्थितिलाई पछि धकेल्न सक्ने भएकाले विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनको अवधारणालाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्नु आजको आवश्यकता भएको छ ।

## १.४. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका उद्देश्यहरु

१. प्रकोपका कुनैपनि घट्नाबाट हुन सक्ने विपद् र त्यसवाट सृजित मानवीय असरहरुलाई न्यूनीकरण गर्न पूर्व योजना तर्जुमा गर्ने ।
२. विपद्को समयमा र विपद् पश्चात् गर्ने गतिविधिहरुको जिम्मेवारी क्रमवद्ध रुपमा राखी सरोकारवालाहरुलाई जानकारी गराउने ।
३. विपद्को क्षेत्रमा कार्यरत सरकारी, गै.स.स. तथा अन्तराष्ट्रिय गैससहरुसंग विपद् पूर्व नै आकस्मिक योजना तयार गरी विपद् सामना गर्न सक्ने क्षमता (Cooping Capacity) को पहिचान गर्ने ।
४. विपद्को समयमा संयमित र संगठित भई विपद् व्यवस्थापन कार्यलाई योजनावद्ध तरिकावाट पूर्व जिम्मेवारीको किटान गरी व्यवस्थापन गर्न सहयोग गर्ने ।

## १.५. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको अपेक्षित नतिजा

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको समग्र उद्देश्य विपद् पूर्वतयारी सम्बन्धी क्रियाकलापहरुलाई संगठित, व्यवस्थित बनाई प्रभावकारी प्रतिकार्य मार्फत् सम्भावित क्षति, नोक्सानी न्यूनीकरण गर्नु हो । साथै विपद्को समयमा प्रभावितको खोज तथा उद्धार गरी स्थानीय स्रोत साधनको अधिकतम उपयोगद्वारा प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु यस योजनाको मूल उद्देश्य रहेको छ । यस योजनाका विशिष्ट उद्देश्य निम्नअनुसार छन् ।

- विपद् पहिला गर्नुपर्ने आधारभुत जोखिम न्युनीकरणका कार्य सुनिश्चित हुनेछन् ।
- विपद्का समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्न सकिनेछ ।
- विपद् जोखिम कम गर्न सरोकारवाला र समुदायबीच सहकार्यको अभिवृद्धि हुनेछ
- उद्धार र राहत जस्ता कार्यमा पीडित समदायको समान पहुँचको प्रत्याभुति हुनेछ ।
- सामाजिक, सास्कतिक मर्यादा तथा सद्भाव अभिवृद्धि भइ विपद्को सामनामा एकजुट हुने वातावरण तयार हुनेछ ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग, पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुका साथै जवाफदेहीता र उत्तरदायित्वको भावना विकास हुनेछ ।
- सङ्कटासन्न समुदाय एवं क्षेत्रहरु पहिचान भई प्रकोप जोखिम नक्शांकन तयार हुनेछ ।
- जिल्लामा मानवीय क्षेत्रमा कार्यरत संघ संस्थाहरु पहिचान भई स्रोत र साधनको आँकलन हुनेछ ।
- बिषयगत क्षेत्रहरुको आकस्मिक योजना निमार्ण भई प्रतिकार्यका लागि सरल दस्तावेज निर्माण हुनेछ ।

- विपद् प्रभावितहरुलाई तत्काल उद्दार तथा राहत सेवा पुऱ्याउन सरल उपायहरु अवलम्बन गर्न सजिलो पार्नेछ ।
- जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रमार्फत समुदाय र सरोकारवाला बीच द्रुत सूचना स्थापित गरि प्रतिकार्य प्रभावकारी हुने छ ।
- विपद् जोखिम न्यूनिकरण गर्न सरोकारवालाहरु वीच समन्वयात्मक संयन्त्रको निर्माण भई प्रकोपको समय र प्रकोप पश्चात तत्काल प्रतिकार्य गर्न सहज हुनेछ
- विपद्को समयमा स्थानीय निकाय तथा स्थानीय विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका गतिविधीलाई अघि बढाइने छ ।
- स्थानीय विपद् ब्यवस्थापन समितिलाई जवाफदेही बनाउदै विपद् पुर्वतयारी तथा प्रतिकार्यका लागि क्षमतावान बन्नलाई मद्दत गर्ने छन्

## १.६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा विधि तथा प्रक्रिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा योजना तर्जुमा गर्ने क्रममा गृह मन्त्रालयद्वारा जारी गरिएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ को पहिलो संशोधन २०७६ लाई मूल आधार बनाएता पनि नयाँ संरचाना अन्तर्गत स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरुबाट आएका सुझावलाई समेटीएको छ । जसको खाका निम्नअनुसार रहेको छ :

- मानवीय सहायतामा कार्य गर्ने साझेदारहरुको पहिचान
- विद्यमान सूचना/अभिलेखको पुनरावलोकन
- साझेदारहरुको बैठक आयोजना
- अन्तिम कार्यशालाको आयोजना
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा
- कार्ययोजना कार्यान्वयन
- समन्वय
- पुनरावलोकन

टीकापुर नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ निर्माणमा सहजीकरण गर्न Center for Climate Environment Research(CCER) काठमाण्डौलाई डब्लु.डब्लु.एफ. र हरियो वन कार्यक्रमले जिम्मेवारी प्रदान गरेको छ । सहजीकरण गर्ने संस्थाले योजना तर्जुमा गर्नका लागि सर्वप्रथम स्थानीय विपद् व्यवस्थापन समितिको बैठक, पालिकामा रहेका विपद्मा कार्य गर्ने सरकारी, गैर सरकारी, राजनैतिक दल, वुद्धिजिवी, सञ्चारकर्मी तथा स्थानीय विपद् व्यवस्थापन समितिसगं समन्वय गरी आवश्यक सूचना तथा जानकारी संकलन गरी विद्यमान सूचनाहरुलाई अद्यावधिक गर्ने काम गऱ्यो । स्थानीय विपद् ब्यवस्थापन समितिवाट विभिन्न ८ वटा विषयगत क्षेत्र (Cluster) को पहिचानगरी संयोजन गर्ने क्षेत्रगत कार्यालय र जिम्मेवारी समेत तोक्ने काम भयो । यसरी पहिचान भएका ८ वटै विषयगत क्षेत्रसँग सम्वन्धित सरोकारवालाहरुको बैठक, स्थानीय विपद् ब्यवस्थापन समितिको बैठक तथा पालिकास्तरीय सरोकारवालाहरुको कार्यशाला गोष्ठीमा व्यापक छलफल र अर्न्तक्रिया गरी प्राप्त भएका थप सूचना, सुझाव र निर्णयहरु समेतको आधारमा टिकापुर नगरपालिकाको **"विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८"** निर्माण भएको छ ।

### १.६.१. योजना तर्जुको पुर्वानुमान

### परिस्थिति तथा योजना तर्जुमा सम्बन्धी पूर्वानुमान

जिल्लामा २०४० देखि २०७६ सालमा गएको बाढीको प्रभाव तथा २०७२ वैशाख १२ गते गएको विनासकारी भुकम्प तथा २०७२ सालमा भएका विपद्का घटना र २०७६ सालसम्म भएका विपद्का घटनाहरुमा टिकापुर नगरपालिकामा सञ्चालन गरिएका विपद् जोखिम न्यूनिकरणका क्रियाकलापहरूको अभ्यास, सिकाई र अनुभव का आधारमा टिकापुर नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ का लागि योजना तर्जुमा गरिएको छ । बिभिन्न समयमा आएका वाढी अन्य विपद्का घटना र त्यसले पारेका प्रभाव समेत ध्यानमा राखी यस वर्ष २०७८/०७९ मा निम्न वमोजिम विपद्को सम्भावित असरको पूर्वानुमान सहित प्रतिकार्य योजना तयार गरिएको छ । यस वर्ष पनि २०७८ (सन् २०२१) बाढीबाट प्रभावित संख्या ५४८६ घर परिवारका औषत परिवार संख्या ४.३३ जनालाई आधारमानि कुल २३७५४ जना ब्यक्ति प्रभावित हुनसक्ने पूर्वानुमान सहित यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८/०७९ तयार गरिएको छ । टीकापुर नगरपालिका भएर बग्ने विभिन्न नदी, खोला तथा नहरहरुले वर्षेनी पानीजन्य आपत्काल निम्त्याउने गर्दछ । यसरीनै हावाहुरी, आगलागी, जंगली जनावरको आक्रमण, कमजोर संरचना र बढ्दो शहरीकरणले गर्दा भुकम्प पनि टीकापुर नगरपालिकाका मुख्य विपद्का रुपमा रहेका छन् ।

अर्कोतिर विश्व माहामारीको रुपमा रहेको कोरोना भाईरस (कोभिड १९)को महामारीले टीकापुर नगरपालिकालाई पनि घेरेको छ । यस महामारीको संक्रमण फैलीनबाट रोक्ने उपाएहरु (सामाजिक दुरी कायम गर्ने र अन्य स्वास्थ्य सुरक्षा साथै निती नियमहरु) अवलम्वन गर्दै विपद् प्रतिकार्यको कार्य सञ्चालन गर्नु पर्ने देखिएको छ । जसका कारण राहत तथा उद्धार कार्य अझबढी चुनौती पूर्ण भएको छ ।

**बिपद्को ऐतिहासकि समयरेखाः**

**बाढी**

**तालिका५:विपद्को ऐतिहासिक समयरेखा**

| साल र महिना | वडा/स्थान | भौतिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|
| २०४० साल भदौ | वडा नं. १ वडा नं. ३<br>वडा नं. ४<br>वडा नं. ५ वडा नं. ६ वडा नं. ७ वडा नं. ८<br>वडा नं. ९ | • करिब २४८० जति घर डुवान परेका तथा भत्केका<br>• बाटो-सडक कटान गरी अवरोध भएको<br>• २९ वटा काठेपूल र ६ वटा पक्कि पूल र कल्भर्ट १४ वटा बगाएको<br>• २ वटा बाँध बगाएको<br>• २ वटा विद्यालय बगाएको<br>• रामडाँडा चौपुर्ति गाउँ कटानी भई कर्णाली नदी मा परिणत भएको<br>• २ वटा शिव मन्दिर | • १५०० जति गोरु, गाई बगाएको,<br>• ५०० जति बाख्रा भेडा बगाएको<br>• बहुमुल्य, कागजात बगाएको<br>• १ करोड बराबरको क्षति,<br>• २०० क्विन्टल भण्डारण गरेको अन्नबाली क्षति<br>• ७५ क्विन्टल तोरी नष्ट | • २८ जनाको मृत्यु,<br>• ५७ जना घाईते भएका<br>• २ जना अपाङ्ग भएको | • २१० विगाह खेति योग्य जग्गा कटानी<br>• १०० विगाहा जति पटानी<br>• २५ विगाहा खल्ला खेतमा पानी जमेको<br>• वनजंगलको जग्गा कटानी<br>• ५० विगाहा धान पटानी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बगाएको | • १०० वटा बाख्रा, २०० भन्दा वढी गोरु गाई बगाएको<br>• भण्डारण अन्नबाली, कच्ची घर बगाएको मुख्य कागजातमा क्षति | | |
| २०६० साउन | वडा नं. ६ नारायणपुर | • २ वटा पुल, २ किलोमिटर बाटो, १०० ओटा घर भत्केको | • १५ बाख्रा बगेको, २०० कुन्टल खाद्यान्न नष्ट भएको, करिब रु.३ लाख सम्म क्षति | • जेष्ठ नागरिक बालबालीकाहरु लाई चोट पटक लागेको | • १० विगाहा कटान २०० विगाहापटानी भएको |
| २०६१, ०६२, ०६३, ०६५ | वडा नं. ६ नारायणपुर | • १८० ओटा घरको भित्ता, २ वटा पुल, १ कि.मि. बाटो भत्केको | • १५० कु. खाद्यान्न नष्ट, २० ओटा कुखुरा बगेको | • १ जना मरेको | • १५५ विगाहा पटानी भएको |
| २०६१ देखि प्रत्येक वर्ष | वडा नं. ९ झुंगा, बौनिया, खैरीपुर, टाँडा | • सडक बाटो-घोटा विग्रीएको<br>• सार्जजनिक भवन भत्किएको | • छैन | • २ जनाको मृत्यु | |
| २०६२ असोज | वडा नं. ५ नुक्लीपुर र कर्मीडाँडा | • ३ कि.मि. ग्राभेल बाटो, ४कल्टर्भ, ५ वटा घर क्षति | • ५० लाख बराबरको क्षति | • १ को मृत्यु | • २ विगा बराबरको जंगल कटानी |
| २०६३ असोज | वडा नं. २ विजयनगर शिविर मुनुवा | • १०० वटा कच्ची घर भत्केको र पुरै शिविर भरी पानी पानी<br>• १५ वटा काठको पुल बगाएको | • १०० वटा बाख्रा र भेडा बगाएको<br>• २०० जती कुखुरा बगाएको<br>• ३० हजार जति रुपैया, वहुमुल्य कागजात तथा सुन चादी बगाएको | • २० जना जतिलाई गहिरो चोट लागेको | • ५ विगाहा जति कर्णाली नदीले जग्गा काटेको |
| २०६३ असोज | वडा नं. ४ इन्द्रैया, मौरनिया | • रानी कुलाको बाँध फुटर सडक भत्काएर गाउँभरिको बाटो बगाएको, ११ वटा कच्ची, १ पक्की पुल भत्काएको, | • ५० विगाहा जमिन डुवानमा परि क्षति भएको | • ५० लाख बराबरको क्षति | • आफ्नो परिवार बचाउने क्रममा एकजना पुरुषलाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गहिरो चोट लागेको |
| २०६३ असोज | वडा नं. ४ इन्द्रैया, मौरनिया | • रानी कुलाको बाँध फुटर सडक भत्काएर गाउँभरिको बाटो बगाएको, ११ वटा कच्ची, १ पक्की पुल भत्काएको,पीच | • ५० विगाहा जमिन डुवानमा परि क्षति भएको<br>• ५० लाख बराबरको क्षति | • आफ्नो परिवार बचाउने क्रममा एकजना पुरुषलाई गहिरो चोट लागेको | • |
| २०६४ | वडा न. ५, ६, ७, ८, | • १७० घरहरु पूर्ण रुपमा क्षति, १४ वटा काठको पुल भत्केको, १४ ठाउँमा बाटो अवरोध,<br>• बस्तिभरि पानी पसेको | • १०० वटा कुखुरा ५०० कुण्टल अन्नबाली ५० पशुचौपाया | • मानवीय क्षति भएन | • ५० वटा रुख ढलेको |
| २०६५ भदौ | वडा नं. २ विजयनगर शिविर मुनुवा | • ६० वटा कच्ची घर बगाएको र पुरै शिविर पानी पानी भएको | • १० लाख बराबरको आर्थिक क्षति<br>• २५ वटा बाखा, भेडा मरेको र केही बगाएको | • मानिसलाई चोटपटक लागेको | • ५/६ विगाहा जमिन कर्णाली नदीले काटेको |
| २०६६ | वडा नं. ५ | • ७ वटा काठको पुल पूर्ण रुपमा बगाएको, शिविरमा पानी पसेको, कम्तिमा १५ वटा कच्ची घर भत्काएको कर्णाली नदीको ड्याम भत्काएको | • ५० कुखुरा, १० बाखा, ८२ सुँगुर बगाएको<br>• मुख्य कागजात भिजाएको अन्नकाली भिजाएको | • १५ जनालाई गहिरो चोट लागेको | • २ ठाउँमा जग्गा कटानी भएको,<br>• २० वटा रुख ढलेको<br>• |
| २०७० साउन | वडा नं. ५ बसन्ता शाहीपुर मनिकापुर | • ५० घर भत्केको,<br>• खाद्यान्न सबै भिजेको बाटो बगाएको | • १० विगा कटानी पटानी धानवाली नष्ट<br>• रु. ३५ लाख बराबरको क्षति | • ३५ लाख जति क्षति | • धानबाली क्षति भएको |
| २०७३/ ०७४ भदौ | वडा नं. २ विजयनगर | • ५० वटा कच्ची घर बगाएको<br>• १०० घर जति तहसनहस (क्षति) गरेको | • ५० कुन्टल अन्नबाली बगाएको र अन्नबाली भिजाई दिएको | • केहि रुपमा चोटपवटक लागेको<br>• महामारिको समस्या बढेका | • ५-६ विगाहा जति जंगलको जग्गा कटानी भएर कर्णाली नदीमा परिणत |
| २०७४ साउन देखि | वडा नं. ६ | • ठाउँ ठाउँमा रोड कटानी सडक | • कुला फुटेर मानव वस्ती अस्तव्यस्त | • धान बाली नष्ट रु. ५ लाखको | • १ जना बालकको मृत्यु |
| २०७४ भदौ | शिवनगर शिविर | • १०० वटा घर बगाएको<br>• ८ वटा पुरै शिविर भरि पानी पानी भएको | • २५ हजार रुपैया बगाएको, वहुमुख्य | • छैन | • छैन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कागजात भिजेको,<br>• १० कुन्टल अन्नबाली बगाएको | | |

**हावाहुरी:**

| साल र महिना | वडा/स्थान | भौतिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|
| २०७० पछि पत्येक वर्ष जसो आउने गरेका | वडा नं. ७ | • २० वटा घरको छाना उडाएको<br>• वेडरलाइन पब्लिक स्कुलको दिवाल भत्काएको | • २ लाख वरावरको नोक्सानी | • छैन | • २ विगाहा जती तरकार वारीमा असर |
| २०७३ | वडा नं. ९ भुंगा, बौनिया, खैरीपुर, टाँडा | • भत्किएका घरहरुको छाना उडाएको | • छैन | • छैन | |
| २०७५ | वडा नं. ९ भुंगा, बौनिया | • शिव मन्दिरको छाना उडाएको, स्कुलको छाना सबै उडाएको, ५० हजार जतिको क्षति | • छैन | • | |
| २०७६ जेठ | शिवनगर शिविर | • सहकारी घरको २ वटा छाना उडाएको,<br>• १ वटा चर्चको छाना उडाएको | • २ लाख बराबरको क्षति | • छैन | • रुखहरु भाँचिएको |
| २०७५-७६ | ज्योतिनगर | • २५ घरको छाना उडाएको,<br>• १० वटा घर भत्काएको | • खाद्यन्न पानीले पुरै भिजाएको ५ लाख बराबरको क्षति | • छैन | • छैन |
| २०७४ वैशाख | वडा नं. २ विजयनगर | • ६० घरधुरीको छाना उडाएको | • १० लाख बराबरको क्षति | • ५ जना घाइते | • छैन |
| २०७४ | वडा नं. ६ भगवानपुर, भर्तापुर, बेलुवाबोभ्की, पर्सेनी | • गाउँघरको छानो उडाएर लग्यो, विद्यालयको छानो उडाएर लग्यो | • रुखहरु ढलाएको, जनावरहरुलाई वासस्थानको अभाव<br>• करिब रु.७५ हजार जति क्षति | • मानिसहरुलाई शारिरीक चोटपटक लाग्यो | • |
| २०७४ | वडा नं. ८ फाँटा, बंजरिया, वनगाउँ, वतनपुर | • लगभग १३० वटा घरको छाना हावाले उडाएको<br>• | • हावाहुरीले घरभित्र अन्न बाली भिजेर नष्ट भएको | • एक जना महिला चोट लागेर घाइते<br>• १ वटा भैंसी टिनको पाताले काटिएर घाइते | • बोट विरुवा बढ्न नसक्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | भएको | |
| २०७५ जेठ | वडा नं. ८ फाँटा, सूर्यपुर, वन्जरिया, वतनपुर | • १५ वटा घरको छाना उडाएको<br>• ५० हजार सम्मको क्षति | • फाँटामा ४ वटा पसलको छाना उडाएको र पानी पसेर सामानहरु नष्ट भएको<br>• वनगाउँमा १ जनको घरमा रुख ढलेर घरको क्षति | • एउटा जेष्ठ नागरिकलाई चोटपटक लागेको | • बोट विरुवा ढलेर नष्ट भयो, |
| २०७५/२०७६ | वडा नं. ८ चौपुर्ति, तिमिल्सेन, रामडाँडा, कमलगाउँ, कलिमाती | • १० घरको छानो उडाएको<br>• १ घर जल्यो सरसामान र सम्पत्ति नष्ट भयो<br>• कमल गाउँमा ३ ओटा घरको छानो उडाएर लग्यो<br>• कालीमाती गाउँमा ८ ओटा घरको छानो र इटाको घर आधा उडाएको | • रामडाँडा गाउँमा ५ ओटा पसलमा क्षति,<br>• १ लाख बराबरको क्षति<br>• | • भाग्ने क्रममा सामान्य चोटपटक लाग्यो | |

**जंगलि जनावरको आतंकः**

| साल र महिना | वडा/स्थान | भौतिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|
| २०४६ सालमा | वडा नं. ५ मा | | | १ जना मानिस मरेका | |
| २०६८ | वडा नं. ५ नुक्लीपुर, कर्मीडाँडा | • हात्तिले ८ घर भत्काएको | • ५० लाख बराबरको क्षति | • छैन | • बोटविरुवा नष्ट |
| २०६९, २०७६ | वडा नं. ५ नुक्लीपुर कर्मीडाँडा, वनकट्टि, वंगलपुर, प्रेमनगर | • हात्तिले १० घर भत्काएको | • रु.५० लाख बराबरको क्षति | • छैन | • बोटविरुवामा क्षति भएको |
| २०७४ | वडा नं. २ विजयनगर शिविर | • ७० घर हात्तिले भत्काएको | • २० लाख बराबरको अन्नबाली नास भएको | • १ जना घाइते | • ५ विगाहा अन्नबालीमा क्षति |
| २०७५-०७६ | शिवनगर शिविर | | • अन्य बाली पुर्ण रुपमा क्षति,<br>• जनावरले खाइदिएको | • छैन | • वनजंगल नोक्सान गरेको |
| २०७५/७६ | वडा नं. २ विजयनगर | • ७० घर जति हात्तिले उखेलेको | • २० लाख बराबरको अन्न बाली नष्ट | • १ जना घाइते | • छैन |
| २०४०, २०७४ २०७१ | वडा नं. ३ घिया, पुछरी, कटानपुर, शंकपुर | • छैन | • २४ विगाहा खेति योग्य जमिनमा २० हजारको रुपया बराबरको क्षति भएको । | • १ जनालाई गैंडाको आक्रमण<br>• १ जनालाई बाघको | • छैन |

| | | | | आक्रमण | |
|---|---|---|---|---|---|
| २०७४ देखि हाल सम्म | वडा नं. ९ झुंगा,बौनिया, दुर्जन, टाँडा, | ● छैन | ● खेतवारीको बालीनाली खाई दिने | ● छैन | ● बोट विरुवा थिच्ने मिच्ने |

**आगलागी:**

| साल र महिना | वडा/स्थान | भौतिक क्षति | आर्थिक क्षति | मानवीय क्षति | प्राकृतिक क्षति |
|---|---|---|---|---|---|
| २०७५ | वडा नं. ८ रामडाँडा | ● १ घर जलेर नष्ट | ● करिब रु.५० हजार जति राखेको अन्नबाली नष्ट | | |

### ६.१.२. विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना निर्माण कार्य र प्रकिया

नगर प्रमुखको अध्यक्षतामा स्थानीय बिपद् ब्यवस्थापन समिति क्रियाशिल रहेको छ। यो समितिको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीहरु विपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन ऐन, २०७४ र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) बमोजिम रहेको छ।

### ६.१.३. सन्दर्भ सामग्री पुनरावलोकनको नतिजा

नगरपालिकामा आइपर्न सक्ने विपद्हरुलाई प्रभावकारी ढंगले सामना गर्न सक्ने क्षमताको विकास तथा पुर्वतयारीको आवश्यकतालाई महशुस गरी विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) तर्जुमा मार्गदर्शनमा भएको प्रावधान अनुसार स्थानीय विपद् ब्यवस्थापन समिति टीकापुर नगरपालिकाको अग्रसरतामा यस नगरपालिकामा यो योजना निर्माण गरिएको छ। गृह मन्त्रालयले बि.स.२०६४ देखि विपद् जोखिम न्युनिकरणमा संलग्न निकायहरुको प्रतिकार्य क्षमतालाई सुधार गर्ने कार्यको प्रारम्भ गरेको देखिन्छ। विपद् सम्वन्धी साझा धारणा निर्माण तथा उद्धारकर्ताको संगठनात्मक भूमिका, प्रकृया र पद्धतिमा सुधारका लागि गृह मन्त्रालयले विभिन्न तह र क्षेत्रमा राष्ट्रसंघिय निकाय, अन्तराष्ट्रिय गैर सरकारी संस्था, नेपाल रेडक्रस सोसाइटी, रेडक्रसको अन्तराष्ट्रिय महासंघ तथा सरकारी अधिकारीहरुको संलग्नतामा विभिन्न गोष्ठी तथा छलफल गर्ने गरेको छ।

यी छलफलबाट प्राप्त सुझाव तथा निचोडलाई मध्यनजर गर्दै नगरपालिका स्थित सरोकारवाला निकाय बीच विपद् सम्बन्धी साझा धारणा र बुझाई कायम गरी योजना तर्जुमाका लागि विभिन्न चरणमा बैठक, कार्यशाला गोष्ठी सम्पन्न गरि नगरपालिका स्तरिय विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना तयार गरिएको छ।

बिभिन्न निकायहरुवाट बिभिन्न समयमा बिपद् सम्बन्धी अध्ययन, अनुसन्धान एवं योजनाहरु सम्बन्धि प्रतिवेदनहरु प्रकाशन भएका छन्। यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि बिभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन गरिएको छ। केही सन्दर्भ सामाग्रीहरु विवरण निम्नानुसार छन्

| क्र.स. | प्रतिवेदन/प्रकाशनको नाम |
|---|---|
| १ | कैलाली जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६/२०७७ |
| २ | टिकापुर नगरपालिकामा विपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन गर्न बनेको ऐन २०७५ |
| ३ | टिकापुर नगरपालिकाको जलवायु परिवर्तन स्थानीय अनुकूलन योजना २०७५ |
| ४ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा निर्देशिका २०६७ को पहिलो संसोधन २०७६ |
| ५ | विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय रणनीति, २०६६ |
| ६ | विपद जोखिम न्युनिकण तथा व्यवस्थापन ऐन २०७४ को पहिलो सम्शोधन २०७५ |
| ७ | स्थानीय सरकार सञ्चालन सम्वन्धमा व्यवस्थापन गर्न वनेको ऐन २०७४ |
| ८ | स्फेयर परियोजना |

| | |
|---|---|
| ९ | प्रकोप पिडितलाई राहत प्रदान गर्ने मापडण्द २०४५, तेश्रो संशोधन २०७४ |
| १० | राष्ट्रिय विपद् प्रतिकार्य कार्य ढाँचा २०७० को पहिलो सम्शोधन २०७५ |
| ११ | स्थानीय स्तरमा तयार गरिएका स्थानीय विपद् जोखिम व्यवस्थापन योजना |
| १२ | लेखाजोखा मार्गदर्शन २०७२ |
| १३ | पूर्वानुमानमा आधारीत बाढी पूर्वसूचना कार्यबिधि २०७५ |
| १४ | दिगो बिकास लक्ष्य २०२०-३० |
| १५ | आपतकालिन संचार प्रणालीको तहगत आवद्धता र संचालन मापदण्ड, २०७५ |
| १६ | विपद् जोखीम न्युनिकरण तथा व्यवस्थापन नियमावली, २०७६ |
| १७ | प्रादेशिक विपद् व्यवस्थापन योजना, २०७७, सुदूरपश्चिम प्रदेश |
| १८ | विपद् जोखिम न्यूनिकरणका लागि सेण्डाई फ्रेमवर्क (२०१५-२०३०) |

## ६.१.४. प्रकोप जोखिम विश्लेषण

टिकापुर नगरपालिकामा रहेका प्रकोपहरु विश्लेषण निम्नानुसार गरिएको छ । यस नगरपालिकाकाप्रमुख पाँच प्रकोपहरु १) बाढी, २) हावाहुरी, ३) आगलागी, ४) शितलहर र ५) जंगली जनावरको आतंक रहेका छन् ।

**तालिका६ः बाताबरणको  दृस्टीले सम्बेदनशील क्षेत्रहरु**

| **क्र.सं.** | **विवरण** | वडाहरु/टोलहरु | **समस्याहरू** |
|---|---|---|---|
| १ | बाढी तथा नदी कटान पटान र डुवानका दृष्टिकोणले बढी संवेदनशिल क्षेत्र | १ देखि ९ नं. वडाहरु | मानवीय क्षति, खेतियोग्य जमिन कटान, पटान, आवाशिय क्षेत्रका घरहरुमा क्षति, बालीनाली नष्ट |
| २ | हावाहुरी/आगलागिका दृष्टिकोणले बढी संवेदनशिल क्षेत्र | वडा नं.१ (बिद्युतिय कारण), वडा नं. ६, ८( कर्मीडाँडा) | बिद्युत सर्ट हुने । हावाहुरीको कारण आगलागिका घटनाहरु हुने । घर तथा मालसामान पशुचौपाय जलेर नष्ट हुने । |
| ३ | बन्यजन्तुको आक्रमणका दृष्टिकोणले बढी संवेदनशिल क्षेत्र | वडा नं. २, वडा नं.६(सिम्रेनी), वडा नं.(सत्ती, रामजानकी टोल) वडा नं. ८(विपद् ब्यवस्थापन समितिबाट तथ्यांक लिने) | हात्ति, गैडा, बाघ, स्याल आदीको आक्रमणबाट जीउधन, अन्नबाली, पाल्तु पशुचौपाएको क्षति |
| ४ | भुकम्पका दृष्टिकोणले बढी संवेदनशिल क्षेत्र | वडा नं.१(टिकापुर) २( सितापुर), ७(सत्ति) | भवन संहिता बिना तयार भएका अग्ला भवनहरु र अव्यवस्थित बसोबास |

टीकापुर नगरपालिकाको विपद्को ऐतिहासीक समयरेखाको बिश्लेषण गर्दा सबैभन्दा बढी क्षति गर्ने प्रकोपको रुपमा क्रमशः बाढी, हावाहुरी/आगलागी र जंगली जनावरको आतङ्क रहेका छन् । टीकापुर नगरपालिकामा रहेका पुराना विद्यालयहरु, सार्वजनिक तथा नीजि संरचनाहरु प्राय प्राविधिकको परामर्श विनानै निर्माण गरिएको हुदा भुकम्पीय जोखिका दृष्टिले पनि यो नगरपालिका संबेदनशिल रहेको छ ।

## १.७. जोखिम विष्लेषण

### १.७.१. प्रकोपको प्रभावस्तर

टिकापुर नगरपालिकाको वडास्तरियसंकटासन्नता तल तालिका नं. ७ र ८ मा उल्लेख गरिएको छ । नगरपालिकाको वडास्तरको जोखिम नक्साङ्कन स्थानीय विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुसंग गरिएको छलफलको आधारमा गरिएको हो ।

### क) बाढी(कटान, पटान, डुवान):

**तालिका७: बाढी प्रकोपको प्रभाबस्तर**

| विवरण | उच्च जोखिम | मध्ययम जोखिम | न्यून जोखिम |
|---|---|---|---|
| संकटासन्न वडाहरु | १, ५, ६ र ७ | ३ र ८ | २, ४ र ९ |
| संकटासन्न घरधुरी संख्या | २५०५ | ५३५ | १८४ |

### ख) आगलागीका दृष्टिकोणले बढी संवेदनशिल क्षेत्र

**तालिका नं.**

**तालिका८: आगलागी प्रकोपको प्रभावस्तर**

| विवरण | उच्च जोखिम | मध्ययम जोखिम | न्यून जोखिम |
|---|---|---|---|
| संकटासन्न वडाहरु | १ र ५ | ६ र ७ | २, ३, ४, ८ र ९ |
| संकटासन्न घरधुरी संख्या | ६६ | १३ | १० |

स्रोत: टिकापुर नगरपालिका नगर पावर्श्वचित्र २०७५

## १.८. विषयगत क्षेत्रका अगुवा तथा सहयोगी संस्थाको विवरण

स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०७७ मंसिर ११ गते को बैठकले टिकापुर नगरपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ निर्माणका लागि ८ वटा बिषयगत क्षेत्र चयन गरिएको छ । नगरपालिकामा रहेका सम्बन्धित विषयगत शाखाहरुको अगुवाइमा विषयगत क्षेत्र परिचालनमा जोड दिने प्रयास गरिएको छ । विषयगत क्षेत्रमा नेतृत्व प्रदान गर्नेसम्बन्धित निकायहरू(Cluster Leads)बीच समन्वय गरी मानवीय गतिविधि सञ्चालन गर्नका लागि निम्नलिखित विषयगत क्षेत्रहरू(Clusters)गठन गरिएको छ । साथै क्षेत्रसँग सम्वन्धित सहयोगी निकायहरुको विवरण तालिका नं.९ मा उल्लेख गरिएको छ ।

**तालिका९: बिषयगत क्षेत्रहरु,अगुवाई गर्ने निकाय र सदस्यहरु**

| **बिषयगत क्षेत्र** | **अगुवाई गर्ने निकाय** | **सदस्यहरु** |
|---|---|---|
| १) सूचना, सञ्चार र समन्वय | नगर विपद् व्यवस्थापन उपशाखा | नेपाल प्रहरी, सञ्चारकर्मी तथा सञ्चार माध्यम |
| २) खोज तथा उद्धार | ईलाका प्रशासन कार्यालय | नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल रेडक्रश सोसाईटी |
| ३) स्वास्थ्य तथा पोषण, खानेपानी, सरसफाई र स्वच्छता प्रवर्धन, | स्वास्थ्य प्रवर्धन उपशाखा | टिकापुर अस्पताल, स्वास्थ्य चौकी, स्वास्थ्य तथा पोषण क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाहरु |
| ४) शिक्षा | शिक्षा, यूवा तथा खेलकुद शाखा | शिक्षकका पेशागत संगसंगठनहरु, शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी संघसंस्थाहरु |
| ५) संरक्षण | महिला बालबालिका तथा समाजकल्याण उपशाखा | नेपाल प्रहरी, ईलाका प्रशासन कार्यालय, महिला, बालबालिका, जेष्ठनागरिक क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थारु |
| ६) खाद्य सुरक्षा | कृषि शाखा | |
| ७) आपत्कालीन आश्रयस्थल तथा शिविर व्यवस्थापन र गैर खाद्य समाग्री बन्दोबस्ती | पूर्वाधार बिकास शाखा | नेपाल रेडक्रश सोसाईटी, जेशीस, उद्योग बाणीज्य संघ |
| ८) शिघ्र पुनर्लाभ, पुनस्थापना, | पूर्वाधार बिकास शाखा | सम्पूर्ण बिषयगत शाखाहरु, सम्वन्धित गैससहरु, सहकारी, वित्तिय संस्थाहरु, |

नोट : बिभिन्न क्षेत्रसँग सम्बन्धित निकायहरुको सम्पर्क व्यक्ति र सम्पर्क नम्बर विषयगत अनुसूचिहरुमा राखिएको छ ।

## १.९. निकायगत भूमिका तथा जिम्मेवारी

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको ध्येय विपद्बाट उत्पन्न हुन सक्ने मानवीय तथा भौतिक क्षतिहरुलाई सकेसम्म कम गर्नुको साथसाथै विपद्का घटना भै हालेमा विपद् प्रभावितलाई तत्काल उद्धार तथा राहत सहयोग उपलब्ध गराउनु हो । नगरपालिकामा विपद्को अवस्थामा हुन सक्ने मानवीय तथा भौतिक क्षतिलाई न्युनिकरण गर्न तथा प्रतिकार्यलाई छिटो, छरितो, ब्यवस्थित तथा जवाफदेही बनाउन मानवीय सहायताको क्षेत्रमा कार्यरत निकायहरुको पहिचान, पहुँच आँकलन र त्यस्तो महत्वपूर्ण समयमा कसरी सहयोग गर्न सकिन्छ भन्ने कुरा यकिन गर्न अति आवश्यक हुन्छ । त्यसैले, ती निकायहरुको जिल्लामा पहुँच तथा कार्यक्रमको प्रकृतिलाई तालिका नं.१० मा उल्लेख गरिएको छ ।

**तालिका१०: निकायगत भूमिका र जिम्बेवारी**

| क्र. सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | नगर कार्यपालिका | नगर प्रमुख | • विपद् जोखिम व्यवस्थापन र उद्धारको कार्यमा बिषयगत निकायसंग समन्वय गर्ने वा समन्वय गर्न लगाउने ।<br>• स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने ।<br>• स्थानीय विपद् व्यस्थापन समितिबाट संचालित राहत तथा उद्धार कार्यको अनुगमन गर्ने र आवश्यक सहयोग गर्ने ।<br>• समय-समयमा विपद् राहत उद्धार कार्यमा भैरहेको प्रगतिको बारेमा जिल्ला विपद् ब्यवस्थापन समितिमा जानकारी दिने ।<br>• वाह्य सहयोगका लागि सरकारी निकाय, राष्ट्रसंघीय निकाय, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, रेडक्रस अभियानका सदस्य लगायतका निकायहरुकावीच प्रतिकार्यको समीक्षा गर्न वैठक संचालन गर्ने ।<br>• विपद् घटेको २४ घन्टा भित्र प्रारम्भीक द्रुत लेखाजोखा मार्फत प्रभावितहरुको विवरण सङ्कलन गर्ने ।<br>• बहु विषयगत प्रारम्भिक द्रुत लेखाजोखा, आवस्यकता अनुसार थप लेखा जोखा गर्ने निर्णय गर्ने र संङ्कलित तथ्याङ्क विश्लेषण र सम्प्रेषण गर्ने । |
| २ | बिषयगत अगुवा | विषयगत शाखाका प्रमुख | • आआफ्नो बिषयगत अगुवाई बमोजिमको काम योजना मुताविक सञ्चालन गर्ने ।<br>• बिषयगत अगुवाई गर्ने शाखाहरुबीच समन्वय गर्ने ।<br>• स्रोत (आर्थिक, भौतिक, मानविय श्रोत) परिचालन तथा समन्वय गर्ने । |
| ३ | सुरक्षा निकाय (नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र नगर प्रहरी) | प्रमुख तथा प्रतिनिधि | • प्रमुख जिल्ला अधिकारीको मातहतमा रही खोज तथा उद्धार कार्यको नेतृत्व तथा उद्धारकार्य गर्ने ।<br>• बिशेष सुरक्षा व्यवस्था मिलाउने ।<br>• विषयगत समितीमा रही सहयोग गर्ने । |
| ४ | राजनितिक दलहरू | दलका प्रमुखहरू | • समन्वय तथा स्रोत संकलनमा सहयोग ।<br>• जनपरिचालन गर्ने । |
| ५ | नेपाल रेडक्रस सोसाइटी | सभापति | • खाद्य, गैर खाद्यसामाग्री तथा अस्थाई आवास ब्यवस्थापनमा सहयोग गर्ने ।<br>• आपत्कालीन आवास तथा बन्दोबस्ती(Logistic)व्यवस्थापनमा सहयोगगर्ने ।<br>• विपद् व्यवस्थापनमा संलग्न जनशक्तिको क्षमता विकासका लागि तालिम |

| | | | |
|---|---|---|---|
| | | | संचालनगर्न सहयोग गर्ने ।<br>● विपद् सर्वेक्षणमा संलग्नहुने । |
| ६ | उद्योग वाणिज्य/ व्यापार संघ | अध्यक्ष | ● सुख्खा तथा तयारी खाना RtEF जस्तैः चिउरा, भुजा, विस्कुट आदि, खाद्य सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने |
| ७ | यातायात व्यवसायीहरु | अध्यक्ष | ● राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरु र जन शक्ति उपलब्ध गराउने । |
| ८ | संचार माध्यम | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | ● आधिकारिक सूचना संकलन विष्लेण तथा सम्प्रेषण गर्ने । |
| ९ | राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | ● मानवस्रोत परिचालन गर्ने ।<br>● स्रोत संकलनमा सहयोग गर्ने ।<br>● गै.स.स. वीच समन्वय ।<br>● क्षमता विकास तथा सहजिकरण कार्य गर्ने । |

# परिच्छेद २. नगरपालिकाको श्रोत साधनको आंकलन

## २.१. नगरपालिकाको स्रोत-साधनको आकलन

तालिका११: आवश्यकता को लेखाजोखा तथा खाडल (Gap's) को पहिचान

| क्र.स. | स्रोत साधन | मौजदात | खाडल (Gap's) पुरा गर्न पुर्वतयारी कार्य | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | खोज तथा उद्धारमा खटीने दक्ष जनशक्ति | २० | थप २० जना सुरक्षाकर्मी र २० जना नेपाल रेडक्रश सोसाईटीका स्वयमसेवकलाई तालिम प्रदान गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षाकर्मी, नेपाल रेडक्रश सोसाईटी |
| २ | प्राथमिक उपचारका लागि दक्ष जनशक्ति | | | |
| ३ | प्रभावितको तथ्यांक संकलनका लागि आवश्यक जनशक्ति | १९ | नेपाल रेडक्रसका ४५ जना स्वयम सेवकलाई तालिम प्रदान गर्ने | नेपाल रेडक्रस सोसाईटी |
| ४ | खोज तथा उद्धार सामाग्री | | नेपाल प्रहरी, सशस्त्र प्रहरी, नगरप्रहरी र समुदाय स्तरमा रहने गरी खोज तथा उद्धार सामग्री व्यवस्था गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, सुरक्षाकर्मी, स्थानीय गैससहरु र नेपाल रेडक्रस सोसाईटी |
| ५ | गैर खाद्य सामाग्रीको भण्डारण (NFRI किट) | छैन | कम्तिमा ५०० परिवारका लागि आवश्यक सामग्री तयारी अवस्थामा राख्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| ६ | विपद्को समयमा कम्तिमा ७२ घण्टा सम्म पुग्ने तयारी खाद्य सामाग्रीको भण्डारण | छैन | कम्तिमा २ हजार जनाको लागि आवश्यक सामग्री भण्डारण गरी राख्ने | स्थानीय विपद् व्यवस्थापन समिति |
| ७ | स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र सञ्चालन | छ | दक्ष जनशक्ति र आवश्यक सामग्री तयारी गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति |
| ८ | बिपद व्यवस्थापन कोष | १५ लाख | कोष बृद्धि गरी कम्तिमा ५० लाख पुर्‍याउने । | नगर कार्यपालिका |

## २.२. भौतिक साधन श्रोतको आवश्यकता

तालिका१२: भौतिक श्रोत साधनको आवश्यकता

| सामाग्रीको विवरण | नगरपालिका भित्र बिद्यमान अवस्था |
|---|---|
| सामग्री ढुवानीका लागि साधन( ट्याक्टर, ट्रक र ट्रिपर ) | ३ |
| जनशक्ति तथा खाद्यान्न ओसार पसार गर्ने साधन (बस, जिप, हलुका सवारी) | २ |
| राहत सामाग्री भण्डारका लागि गोदाम घर | ३ वटा |
| सञ्चारका साधनहरु( स्याटेलाईट फोन, वाकीटकी) | ल्याण्ड लाईन र मोवाईल |
| अस्थायी आवास निर्माणका लागि खुल्ला क्षेत्र | प्रत्येक वडामा कम्तीमा १ वटा रहेको |
| दमकल | १ |
| स्काभेटर, रोलर | २ |
| हेलिप्याड | २ |

## २.३. सामान्य प्राथमिकता प्राप्त पूर्वतयारी कार्य

- विपद् व्यवस्थापनका विविध उद्देश्यका लागि विषयगत क्षेत्र भित्र र वाहिर समन्वयात्मक संयन्त्र स्थापना गर्ने ।
- सुरक्षा निकायका कर्मचारी तथा रेडक्रसका स्वयंसेवकहरुलाई खोज तथा उद्धार(बाढी, आगलागि) सम्बन्धी तालिम दिने ।
- गैरखाद्य सामग्री तथा अन्य प्रतिकार्य सामग्रीहरुको संकलन तथा भण्डारण ।
- आपत्कालीन् प्रतिकार्य कोषमा बृद्धि गर्ने ।
- विपद् प्रतिकार्य सम्बन्धी कृतिम घटना अभ्यास तथा नमूना अभ्यास संचालन गर्ने ।
- खुल्ला क्षेत्र पहिचान गर्ने ।
- अस्थायी आवासका लागि प्रयोग गर्न सकिने भवनहरु पहिचान गर्ने ।
- यसैगरीमौसम पूर्वानुमान महाशाखाबाट ३ दिन अगाडी प्राप्त हुने सूचनाका आधारमा नदी तटिय समुदायका वासिन्दाहरु लाई वाढी आउनु पूर्व सजग गराइ जिउधनको सुरक्षा गर्ने ।
- स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र स्थापना  र सञ्चालन गर्ने ।

# परिच्छेद ३. बिषयगत क्षेत्रको बिस्तृत पुर्बतयारी तथा प्रतिकर्य योजनाहरु

**बिषयगत क्षेत्रको बिस्तृत पूर्वतयारी तथा प्रतिकार्य योजनाहरु**

**३.१.विषयगत क्षेत्रः सूचना , सञ्चार र समन्वय**

**अगुवाई गर्ने निकाय :** नगर विपद् व्यवस्थापन उपशाखा
**मुख्य बिपद्को किसिमः** १) बाढी, २) हावाहुरी, ३) आगलागी, ४) शितलहर, ५) जंगलिजनावरको आक्रमण र ६) भुकम्प

**विपद्को अनुमानित अवस्थाः**
नगरपालिका भित्रहुने गरेकाबाढी, हावाहुरी, आगलागी, बन्यजन्तुको आक्रमण, शितलहर, भूकम्प लगायत प्रकोपवाट हुने विपद्को जोखीमवाट सम्भाव्य प्रभावित ५४८६ घर परिवारका २३७५४ जना हुन सक्नेछन् ।

- नगरपालिकाले सम्बन्धित निकायसँग सम्पर्क र समन्वय विस्तार गर्नुपर्ने हुन सक्छ ।
- सूचना प्रविधिहरू अवरुद्ध वा नष्ट भई सूचना आदान-प्रदानमा समस्या आउनसक्छ ।
- सूचना तथा तथ्याङ्क सङ्कलनमा कठिनाइ उत्पन्न हुनसक्छ ।
- बाढी तथा भूकम्पका कारण भौतिक पुर्वाधारहरु जस्तै भवन, पुल, कलभर्ट सडक, विद्युत प्रशारण लाइन क्षति हुनसक्छ ।
- सूचना तथा तथ्याङ्क सङ्कलनमा दक्ष जनशक्तिको अभाव हुनसक्छ ।

**बिषयगत उद्देश्यः**

- प्रभावितहरुको तत्काल जीवन बचाउनका लागि उपयूक्त सञ्चार तथा समन्वय स्थापित गर्नु ।
- अन्तर पालिका, जिल्ला, प्रदेश, संघ संग विपद्को अवस्था, खोज तथा उद्धार, राहत वितरण र पूर्नलाभका कार्यक्रम सञ्चालनका लागि प्रभावकारी समन्वय, सञ्चार गर्ने ।
- प्रभावित समुदायलाई विपद् सम्वन्धि आवश्यक सूचनाहरु आदान प्रदान गर्नु ।
- सम्भावित मानविय क्षति कम गर्नु ।
- सुरक्षित स्थानको खोजी गर्ने ।
- खोज तथा उद्धार कार्यलाई ब्यवस्थित गर्ने, सूचना संकलन एवं व्यवस्थापनका लागि विपद् लेखाजोखा मार्गदर्शन अनुसारको ढाँचा सहितको ठोस संयन्त्र स्थापना गर्ने, सूचनाप्रवाहका वैकल्पिक उपायहरू पहिचान गर्ने तथा सूचनाहरूलाई विश्लेषण गरी सम्बन्धित क्षेत्रहरूमा उपलब्ध गराई प्रभावकारी प्रतिकार्य प्रणाली सुनिश्चित गर्ने ।
- विपद्को जोखिम सम्वन्धि समुदायलाई पूर्वसूचना प्रदान गर्ने ।
- सम्पूर्ण बिषयगत क्षेत्रसँग सम्पर्क-समन्वय र परिचालन गर्ने ।
- प्राप्त सूचनाहरु संकलन तथा विश्लेषण गरी जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र र जिल्ला विपद् ब्यवस्थापन समितिलाई जानकारी दिने ।
- मनसून पूर्वसूचनाका आधारमा नदी तटिय क्षेत्रका समुदायलाई सचेत गर्ने ।
- संघ, प्रदेश, जिल्ला र समुदायस्तरसम्म प्रभावकारी समन्यय गरी बिपद् पुर्व तयारी तथा प्रतिकार्यका लागि तयार रहने ।
- विपद् सम्वन्धि सवै सूचना सङ्कलन विष्लेषण र प्रशारणमा एकद्वार प्रणालीको नीति अवलम्व गर्ने ।
- तिन दिने मनसुन पुर्वानुमानमा आधारित कार्यविधि अनुसार कार्य गर्ने ।

**रणनीतिः**

- समुदायमा हुनसक्ने संभावित विपद्को सूचनाहरु सम्बन्धीत निकायहरुबाट निरन्तर प्राप्त गर्ने, विश्लेषण गर्ने र समुदायलाई सचेत गर्ने ।
- विभिन्न निकायका सूचना अधिकारी एवम् समुदायस्तरका सूचना सर्म्पक व्यक्ति/समुह मार्फत वडास्तरिय विपद् व्यवस्थापन समितिहरु, सुरक्षा निकाय, स्थानीय राजनितिक दल, नेपाल रेडक्रस सोसाईटी, संचारमाध्यमहरु, स्थानीय संघसंस्थासंग समन्वय र सहकार्य गरी सम्भाव्य प्रभावित क्षेत्र तथा निकायहरुमा सुचना सम्प्रेषण गरी आ-आफ्ना तालुक निकायहरुमा पठाउने ।
- संभावित प्रकोप हुनसक्ने अवधिभर र विपद्को समयमा स्थानीय समाचार माध्यम (एफ. एम. रेडियो, टि.भि., पत्रिका) मार्फत सूचना सन्देश प्रसारण तथा प्रकाशन गर्ने ।
- विपद्को समयमा स्थानीय विपद् व्यवस्थापन समिति मार्फत सरकारी तथा गैरसरकारी संस्थाहरुलाई सक्रिय वनाउन भूमिका निर्बाह गर्ने ।

## सूचना,सञ्चार र समन्वय बिषगत क्षेत्रको प्रतिकार्य योजनाः

**तालिका१३ः सूचना, संचार र समन्वय बिषयगत क्षेत्रको प्रतिकर्य योजना**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ०-१ घण्टा | • स्थिानीय विपद् व्यवस्थापन समितिको बैठक बसी आवश्यक कार्य सूचारु गर्ने ।<br>• खोज तथा उद्धार टोलीको परिचालन गरी खोज तथा उद्धार कार्यको थालनी । खोज तथा उद्धार कार्य सञ्चालन गर्दा कोभिड १९ को सुरक्षा मापदण्ड अवलम्वन गर्ने ।<br>• स्वयम् सेवकहरु परिचालन गर्ने ।<br>• प्राथमिक उपचारक टोली परिचालन गर्ने ।<br>• तत्काल सरोकारवाला सम्पर्क व्यक्तिहरुसग सूचना लिने/दिने<br>• सम्वन्धित निकाय संग निरन्तर सम्पर्क गरी सम्वन्धित विपद्को सूचना सङ्कलन गर्ने ।<br>• सम्भाव्य प्रभावित समुदायहरुलाई विपद्को सूचना एफ एम रेडियो र टेलिफोन मार्फत आवश्यकताको आधारमा प्रवाह गर्ने । | • स्थानीय तहमा रहेको सरोकारवाला निकायको सर्म्पक व्यक्तिको टेलिफोन नम्वर अद्यावधिक गर्ने ।<br>• खोज तथा उद्धार टोलीको लागि आवश्यक वन्दो वस्तीको सामग्रीहरू तयारी गर्ने ।<br>• हेलीकप्टर तथा आवश्यक उद्धार सामग्री तयारी अवस्थामा राख्नका लागि आवश्यक समन्वय गर्ने ।<br>• जल तथा वर्षा मापन केन्द्रमा रहेको उपकरण र जिल्ला प्रहरी कार्यालयको कन्ट्रोल रुममा रहेको बिद्युतिय डिस्प्ले बोर्डको अवस्था वारे जानकारी लिने<br>• सम्बन्धीत विपद् प्रभावित समुदाय तथा सरोकारवाला निकायका सूचना अधिकारी मार्फत विपद् प्रभावित समुदायहरुलाई सूचना | • खोज तथा उद्धार सामग्रीको कमी हुन सक्ने ।<br>• बाटो कल्भर्टहरु क्षति हुन सक्ने ।<br>• प्राविधिक कारणले फोन सम्पर्कमा ढिलाई हुने ।<br>• अनुमान भन्दा बढी जोखिमको विपद् आउन सक्ने ।<br>• पुर्वानुमानमा आधारित वाढी पुर्वतयारीका लागि कार्यविधि अद्यावधिक गर्ने | LEOC,स्थानीय विपद् व्यवस्थापन समिति. वडास्तरिय विपद् व्यवस्थापन समिति, सुरक्षा निकाय, ने.रे.सो., स्थानीय एफएम रेडीयोहरु |

| | | | | |
|---|---|---|---|---|
| | • वडा स्तरिय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी नियमित सूचना आदान-प्रदान गर्ने<br>• आपत्कालीन आश्रयस्थल तथा शिविर व्यवस्थापन र गैर खाद्य समाग्री बन्दोबस्ती र खाद्य सुरक्षाबिषयगत क्षेत्रहरुलाई तत्काल आवश्यक सूचना सम्प्रेषण गर्ने ।<br>• जिल्ला विपद् ब्यवस्थापन समिति, प्रदेश विपद् ब्यवस्थापन समिति र ल्भ्इक्ष् मा प्रतिवेदन गर्ने ।<br>• उद्धार कार्यको लागि थप जनशक्ति र श्रोत साधन का लागि म्भ्इक्ष्, एभ्इक्ष्र ल्भ्इक्ष् मा संपर्क गर्ने ।<br>• अन्तर पालिकास्तरमा समन्वय गर्ने ।<br>• पुर्वानुमानमा आधारित वाढी पुर्वतयारीका लागि कार्यविधिअनुसार तयारी गर्ने | प्रवाह गर्ने ।<br>• पुर्वानुमानमा आधारित वाढी पुर्वतयारीका लागि कार्यविधिअनुसार विषयगत क्षेत्रको वैठक वस्ने | | |
| १-७ घण्टा | • घाईतेहरुको विवरण लिई कोभिड १९ को संक्रमणलाई मध्येनजर गरी उपचारको ब्यवस्था मिलाउने ।<br>• जल मापन केन्द्रहरुमा नियमित सम्पर्क गर्ने र सूचना सम्प्रेषण गर्ने ।<br>• बिषयगत क्षेत्रको बैठक गरी आ-आफ्ना सम्वन्धित निकायमा सूचना प्रवाह गर्ने ।<br>• जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रलाई अवस्थाको बारेमा जानकारी दिने ।<br>• ३ दिने मौसमपूर्वानुमान सूचना प्रवाह गर्ने । | • ०-१ घण्टा भित्र गरिने सवै गतिविधिहरुलाई निरन्तरता दिने ।<br>• घाईतेहरुको उपचारका लागि सम्वन्धित निकायसंग समन्वय गर्ने । | • बाटो कल्भर्टहरुमा क्षति हुनसक्ने ।<br>• प्राविधिक कारणले फोन सम्पर्कमा ढिलाई हुने ।<br>• अनुमान भन्दा बढी जोखिमको विपद् आउन सक्ने । | LEOC,स्थानीय विपद् व्यवस्थापन समिति. वडास्तरिय विपद् ब्यवस्थापन समिति, सुरक्षा निकाय, ने.रे.सो., स्थानीय एफएम रेडीयोहरु |
| ७-२४ घण्टा | • घाईतेहरुको विवरण अध्यावधिक गर्ने र उपचारको क्रमलाई निरन्तरता दिने ।<br>• उद्धार गरिएका व्यक्तिहरुको लगत तयार गर्ने | • प्रभावित व्यक्तिहरुलाई उपचारको लागि शिविर व्यवस्थापन गर्ने ।<br>• उद्धार गरिएको व्यक्ति ( घाईते र विस्थापित)हरुको | • समन्वय र सहयोगमा ढिलो भएमा प्राथमिक उपचार शिविर ससञ्चालनमा | LEOC, स्थानीय विपद् व्यवस्थापन समिति. वडास्तरिय विपद् ब्यवस्थापन समिति, सुरक्षा निकाय, ने.रे.सो. |

| | | | | |
|---|---|---|---|---|
| | • अन्य विषयगत क्षेत्रका क्रियाकलापमा समन्वय र सहयोग गर्ने । <br>• प्रतिवेदन सम्बन्धित निकायमा पठाउन <br>• प्रभावितहरुको तथ्याक सकंलन गर्ने | लगत तयार गरी सम्बन्धित निकायमा पठाउने <br>• नेपाल रेडक्रस, नेपाल प्रहरी र स्थानीय तहका कर्मचारीको सहभागीतामा तथ्यांक संकलन गर्ने | ढिलाई हुने । <br>• तथ्याक संकलन गर्ने दक्ष जनशक्तिको अभाव | |
| २४-४८ घण्टा | • विपद्बाट प्रभावितहरुको लगत तयार गर्ने <br>• कोभिड १९ लाई मध्यनजर गरी अस्थायी शिविर व्यवस्थापन गर्ने । <br>• अस्थायी शिविर अवस्था तथा सुरक्षाको व्यवस्थापनका लागि सम्वन्धित बिषयगत क्षेत्रसंग समन्वय गर्ने । | • तयार गरिएको लगतका आधारमा राहत वितरणका लागि विषयगत क्षेत्र परिचालन गर्ने । <br>• अस्थायी शिविरमा सुरक्षा व्यवस्था गर्ने । | | LEOC, स्थानीय विपद् व्यवस्थापन समिति. वडास्तरिय विपद् ब्यवस्थापन समिति, सुरक्षा निकाय |
| ४८-७२ घण्टा | • खोज तथा उद्धार कार्यको समन्वय र सूचनालाई निरन्तरता दिने । <br>• व्यक्तिगत क्षति भएको सम्पतिको विवरण संकलन गर्ने | • व्यक्तिग क्षति भएका विवरणलाई सम्प्रेषण गरी सम्बन्धित निकायमा पठाउने । | • दक्ष जनशक्ति नभएर गलत तथ्यांक आउन सक्ने । | LEOC , सुरक्षा निकाय र स्थानीय विपद् ब्यवस्थापन समिति(LDMC) |
| ७२ घण्टा देखि ७ दिन | • प्रभावित तथा क्षतिको तथ्यांक अध्यावधिक गर्ने । <br>• शिविर व्यवस्थापनमा सहयोग गर्ने । <br>• स्वास्थ्य शिविर सञ्चालनमा समन्वयात्म भूमिका निर्वाह गर्ने | • सुरक्षा निकायमा समन्वय गर्ने । <br>• स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाई र शिक्षा तथा संरक्षणविषयगत क्षेत्र परिचालन गर्ने । | • समन्वय र तथ्यांक ब्यवस्थापन समयमै हुन नसकेमा थप जोखिम बढन सक्ने । | LEOC , सुरक्षा निकाय र स्थानीय विपद् ब्यवस्थापन समिति(LDMC) |
| एक साता देखि १ महिना भित्र | • समन्वय र सुचना व्यवस्थापन । <br>• सबै बिषयगत क्षेत्रसंग निरन्तर समन्वय गर्ने | • LDMC को बैठक बस्ने । <br>• पुनस्थापन तथा पुननिर्माण बिषयगत क्षेत्रसंग समन्वय गर्ने । | • गलत सूचना प्रवाह भै समुदायमा तनाव सृजना हुन सक्ने । | LEOC , सुरक्षा निकाय र स्थानीय विपद् ब्यवस्थापन समिति(LDMC) |

सूचना, सञ्चार, समन्वय विषयगत क्षेत्रका सदस्यहरुको सम्पर्क सूचिः अनुसूचिमा उल्लेख गरिएको छ ।

सूचना , सञ्चार र समन्वय बिषगत क्षेत्रको पूर्वतयारी योजनाः

**तालिका१४ः सूचना, संचार र समन्वय बिषयगत क्षेत्रको पुर्वतयारी योजना**

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका | समय सिमा |
|---|---|---|---|---|
| १. | सूचना तथा सञ्चार उपकरणहरु अध्यावधिक गर्ने ।( ईन्टरनेट, टेलीफोन, मोवाईल, रेडीयो सेट, स्याटालाईट फोन) | नगर विपद् व्यवस्थापन उपशाखा/ स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र | ईन्टरनेट, टेलीफोन, मोवाईल, रेडीयो सेट, स्याटालाईट फोनको शुल्क भुक्तानी, मर्मत आदी | हरेक वर्षको पुष मसान्त सम्ममा |

| | | | | |
|---|---|---|---|---|
| २ | सूचना संयन्त्र अध्यावधिक गर्ने (समुदाय स्तरका अगुवा, बिषयगत क्षेत्रका अगुवाहरु, जिल्ला, प्रदेशका विपद् फोकल पर्सनको सम्पर्क सूचि अध्यावधिक) | नगर विपद् व्यवस्थापन उपशाखा/ स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र | वडास्तरिय विपद् व्यवस्थापन समितिका पदाधिकारी मार्फत समुदायस्तरका अगुवाहरुको सम्पर्क सूची अद्यावधिक गर्ने । यसरीनै, सम्वन्धित निकायमा फोन, ईमेल आदी गर्ने । | हरेक वर्षको पुष मसान्त सम्ममा |
| ३ | क्षेत्रगत नेतृत्व गर्ने निकायहरूसंग समन्वय बैठक गर्ने । | स्थानिय विपद् व्यवस्थापन समिति | बैठक | जेष्ठ मसान्त सम्म |
| ४ | सम्वधित विषयगत क्षेत्र (बिशेष गरी खोज तथा उद्धार, आपत्कालीन आश्रयस्थल तथा शिविर व्यवस्थापन र गैर खाद्य समाग्री बन्दोबस्ती, खाद्यसुरक्षा आदी)को पूर्वतयारीको अवस्थाका बारेमा जानकारी अद्यावधिक गर्ने । | नगर विपद् व्यवस्थापन उपशाखा/ स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द | फोन, ईमेल सम्पर्क, पत्राचार आदी | जेष्ठ मसान्त |
| ५ | सुरक्षा निकायका इकाईहरु तथा समुदाय स्तरका तालिम प्राप्त स्वयम सेवकहरुको सम्पर्क सुचि तयार गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, रेडक्रस | फोन, इमेल, संकलन गरी राख्ने | आषाढको अन्त्य सम्ममा |
| ६ | मौजुदा सामाग्रीहरुको जांच/परिक्षण गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल रेडक्रश सोसाईटी, गैरसरकारी संघसंस्थाहरु | अनुगमन गर्ने, पूर्व अभ्यास गर्ने । | असार दोश्रो हप्ता |
| ७ | आवश्यकता अनुसारको सामाग्रीहरुको पुग/नपुग आँकलन गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल | संकलन, ढुवानी र आवश्यक्ता पहिचान गर्ने । | |

खोज तथा उद्धारमा प्रयोग हुने मानविय श्रोत (तालीम प्राप्त जनशक्ति): अनुसूचिमा उल्लेख गरिएको छ ।

### ३.२. बिषयगत क्षेत्र: खोज तथा उद्धार

**अगुवाइ गर्ने निकाय:**ईलाका प्रशासन कार्यालय, टिकापुर नगरपालिका
**मुख्य बिपद्को किसिम:** १) बाढी, २) हावाहुरी, ३) आगलागी, ४) शितलहर, ५) जंगलिजनावरको आक्रमण र ६) भुकम्प

**विपद्को अनुमानित अवस्था:**
नगरपालिका भित्रहुने गरेका बाढी, हावाहुरी, आगलागी, बन्यजन्तुको आक्रमण, शितलहर, भूकम्प लगायत प्रकोपवाट हुने विपद्को जोखीमवाट सम्भाव्य प्रभावित ५४८६ घर परिवारका २३७५४ जना हुन सक्नेछन् ।

- विपद्बाट प्रभावित५४८६ मध्ये कम्तिमा १० प्रतिशत (५४९) परिवारलाई तत्काल उद्धार गर्नुपर्ने अवस्था रहन सक्ने ।

- बाढी तथा भूकम्पबाट भौतिक संरचनाहरुः घर, बाटो, पुलकलभर्ट आदि भत्किन सक्छ यातायात अवरुद्ध हुनसक्ने ।
- मानिसहरु वेपत्ता हुने, पुरिने, वगाउने, नदी वीचमा फस्ने, घाइते हुने, आगोबाट जलेर मानवीय क्षति हुनसक्ने ।
- नगरपालिकाका जोखिमयूक्त क्षेत्रहरुमा डुवान, कटान र पटान हुन सक्छ ।
- सहर उन्मुख वस्तीहरु भूकम्पिय जोखिममा पर्नसक्ने ।
- सूचना सम्पर्क बिच्छेद भई खोज तथा उद्धार कार्य कठिन हुन सक्ने ।
- आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायीरूपमा क्षति, बाल-वालिका, महिला, वृद्ध-वृद्धा तथा फरक क्षमता (अपाङ्गता) भएका मानिसहरू मुख्यरूपमा प्रभावित हुने ।

**विषयगत उद्देश्यः**

- प्रभावितहरुको तत्काल जीवन बचाउनु ।
- सम्भावित मानविय क्षति कम गर्नु ।
- सुरक्षित स्थानको खोजी गर्ने ।
- कोभिड १९ को सुरक्षा मापदण्ड अवलम्वन गर्दै विपद्मा परेका समुदायलाई उद्धार गरी सुरक्षित आश्रय स्थलमा राख्ने ।
- विपद्को समयमा प्रभावित समुदाय तथा सुरक्षा पोष्टहरुमा खोज तथा उद्धारका लागि अवश्यक सामाग्रीहरुको प्रवन्ध मिलाउने ।
- कोभिड १९ को सुरक्षा मापदण्ड अवलम्वन गर्दै विपद्मा परेकाहरुलाई उद्धारका लागि खोजी गर्नु, विशेष गरी महिला, वालवालिका, जेष्ठ नागरीक, अपांग तथा असहायलाई खोजी कार्यमा प्राथमिकता दिनु ।
- कोभिड १९ को सुरक्षा मापदण्ड अवलम्वन गर्दै विपद्मा परेको व्यक्तिहरुको यथाशिघ्र खोज तथा उद्धार कार्य गरि जीउधनको सुरक्षा गर्ने ।

**रणनीति :**

- कोभिड १९ को सुरक्षा मापदण्ड अवलम्वन गर्दै सुरक्षा निकायको समन्वयमा समुदायका तालिम प्राप्त जनशक्तिहरुलाई परिचालन गराउने ।
- विपद् पूर्व नै नमुना अभ्यास गर्ने ।
- विपद् पूर्व नै उद्धार सामाग्रीहरुको थप आपूर्तीका लागि सम्बन्धित निकायहरुमा समन्वय गरि व्यवस्थाका लागि पहल गर्ने ।
- विभिन्न सरकारी, नीजि र गैर सरकारी संस्थाहरुसँग समन्वय गरी खोज तथा उद्धार कार्यको लागि थप आवश्यक पर्ने साधन (सवारी साधन समेत) को प्रबन्ध मिलाउने ।

## खोज तथा उद्धार बिषयगत क्षेत्रको प्रतिकार्य योजनाः

**तालिका१५ः खोज तथा उद्धार बिषयगत क्षेत्रको प्रतिकार्य योजना**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ०-१ घण्टा | ● सुचना प्राप्त गर्न साथ आपत्कालिन बैठक बस्ने<br>● प्रभावित क्षेत्रको पहिचान र प्राथमिकता निर्धारण गर्ने ।<br>● खोज तथा उद्धार टोलीको परिचालन र खोज तथा उद्धार कार्यको थालनी । खोज तथा उद्धार कार्य सञ्चालन गर्दा कोभिड १९ को सुरक्षा मापदण्ड अवलम्वन गर्ने ।<br>● स्वयम् सेवकहरु परिचालन गर्ने ।<br>● प्राथमिक उपचारक टोली परिचालन गर्ने ।<br>● LDMC का सदस्यलाई जानकारी दिने । | ● सम्वद्ध व्यक्तिहरुको सम्पर्क नम्वर राख्ने<br>● खोज तथा उद्धार टोलीको लागि आवश्यक वन्दो वस्तीको सामग्रीहरू तयारी गर्ने ।<br>● खोज तथा उद्धार टोली, प्राथमिक उपचारक टोली तथा स्वयंसेवक तयारी अवस्थामा राख्ने ।<br>● रेकर्ड तयारी गर्ने ।<br>● स्वयंसेवकहरुलाई अभिमुखिकरण । | ● उद्धार सामग्री को कमी हुन सक्ने<br>● जोखिम क्षेत्रमा रहेका सुरक्षा निकायका पोष्टरुमा थप उद्धार सामाग्रीको व्यवस्था गर्नु पर्ने । | ईलाका प्रशासन कार्यालयको नेतृत्वमा नेपाल प्रहरी, शसस्त्र प्रहरी, नेपाली सेना र नेपाल रेडक्रस सोसाइटी |
| १-७ घण्टा | ● खोज तथा उद्धारका कार्य जारी राख्ने ।<br>● आवश्यकता अनुसार मोटरबोट, हेलिकप्टर, रवर बोट, दमकल, आवश्यक अन्य हेभि ईक्यूपमेन्ट आदिको प्रयोग गरी खोज तथा उद्धार गर्ने । | ● ०-१ घण्टामा गरिने कार्यलाई निरन्तरता दिने<br>● खोज तथा उद्धारका गर्न हेलिकप्टर तयारी अवस्थामा राख्न समन्वय गर्ने । | ● हेलीकप्टर तथा अन्य हेभि ईक्यूपमेट तयारी अवस्थामा राख्नका लागि कठीनाई हुन सक्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला स्थित सुरक्षा निकायहरु, प्रदेश विपद् व्यवस्थापन समिति, गृह मन्त्रालय र DEOC, स्थानीय निकाय |
| ७-२४ घण्टा | ● जोखिममा रहेका लाई स्थानान्तरण गर्ने<br>● घाईतेहरुलाई प्राथमिक उपचार गर्ने<br>● प्राथमिक उपचार गरि थप उपचारका लागि अस्पताल पठाउने । प्राथमिक उपचार गर्दा कोभिड १९ को मापदण्ड अवलम्वन गर्ने ।<br>● घटना मुचुल्का तयार गर्ने, मृत अवस्थामा फेला परेमा पोष्टमार्टमको लागि अस्पताल पठाउने ।<br>● खोजी तथा उद्धार कार्यको निरन्तरता | ● सम्वद्ध व्यक्तिहरुसंग सम्पर्क गरि रहने ।<br>● स्वयंसेवकहरुलाई परिचालनमा निरन्तरता<br>● प्राथमिक उपचारको टोली परिचालनमा निरन्तरता ।<br>● थप सुरक्षा निकाय र तालिम प्राप्त स्वयम सेवकहरुलाई तयारी अवस्थामा राख्ने<br>● रेकर्ड तयारी गर्ने ।<br>● स्वास्थ्यकर्मी तयारी अवस्थामा रहनका लागि समन्वय गर्ने । | ● खोज तथा उद्धार कार्य लम्बिदै जाँदा जनशक्ति तथा उद्धार सामग्री अभाव हुन सक्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, ईलाका प्रशासन कार्यालय, स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, प्रदेश विपद् व्यवस्थापन समिति, गृह मन्त्रालय, रेडक्रस सोसाइटी |

| | | | | |
|---|---|---|---|---|
| २४-४८ घण्टा | • खोज तलासको क्रममा भेटिएका व्यक्ति तथा सम्पत्तीहरु सम्बन्धित परिवारहरुलाई जिम्मा लगाउने ।<br>• थप भेटिएका घाईतेहरुलाई प्राथमिक उपचार गर्ने<br>• प्राथमिक उपचार गरि थप उपचारको लागि अस्पताल पठाउने ।<br>• बेपत्ता व्यक्ति, व्यक्तिगत सम्पति, पशु चौपाय खोजी दुर्गन्ध व्यवस्थापन गर्न स्वास्थ्य तथा पोषण, खानेपानी, सरसफाई र स्वच्छता प्रवर्धनबिषयगत समितिसंग समन्वय गर्ने<br>• घटनाको बारेमा तालुकदार निकायमा प्रतिवेदन दिने | • सम्वद्ध व्यक्तिहरुसंग सम्पर्क गरि रहने ।<br>• खोजि तथा उद्धार कार्यलाई निरन्तरता प्रदान गर्ने ।<br>• शिविर व्यवस्थापन गर्ने<br>• स्वयंसेवक परिचालनमा निरन्तरता ।<br>• प्राथमिक उपचारको टोली परिचालनमा तयारी अवस्थामा राख्ने ।<br>• सुरक्षा निकाय र तालिम प्राप्त स्वास्थ्यकर्मी, स्वयम सेवकहरुलाई तयारी अवस्थामा राख्ने<br>• रेकर्ड तयारी गर्ने । | • | स्थानीय विपद् व्यवस्थापन समिति, ईलाका प्रशासन कार्यालय, स्थानीय आपतकालिन कार्य सञ्चालन केन्द्र, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, प्रदेश विपद् व्यवस्थापन समिति, गृह मन्त्रालय, रेडक्रस सोसाइटी |

## खोज तथा उद्धार बिषयगत क्षेत्रको पूर्वतयरी कार्य

**तालिका१६ः खोज तथा उद्धार बिषयगत क्षेत्रको पूर्वतयारी योजना**

| क्र.सं. | प्राथमिकता प्राप्त पूर्वतयारी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका | समय सिमा |
|---|---|---|---|---|
| १ | क्षेत्रगत नेतृत्व गर्ने निकायहरूसंग पूर्वतयारीका लागि समन्वय बैठक/छलफल गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, विपद् व्यवस्थापन उपशाखा | बैठक | जेष्ठ मसान्त सम्म |
| २. | जोखिममा पर्नसक्ने व्यक्ति वा समूहको तथ्यांक अध्यावधिक गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र, विपद् व्यवस्थापन उपशाखा | घरधुरी सर्वेक्षण, न.पा.को पार्श्वचित्र, स्थानीय विपद् जोखिम व्यवस्थापन तथा जलबायू अनुकुलन योजनाका आधारमा | हरेक वर्षको पुष मसान्त सम्ममा |
| ३ | विपद् व्यवस्थापन कार्यसंग सम्बन्धी कृतिम अभ्यास गराई दक्ष जनशक्ति तयारी अवस्थामा राख्ने । | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, नेपाल रेडक्रश | तालिम तथा कृत्रिम घटना अभ्यास | असार मसान्त सम्ममा |
| ४ | आवश्यकता अनुसारको सामाग्रीहरुको पुग/नपुग आँकलन गर्ने | विपद् व्यवस्थापन उपशाखा, ईलाका प्रशासन कार्यालय, स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र, सुरक्षा निकाय | संकलन, ढुवानी र आवश्यक्ता पहिचान गर्ने । | |
| ५ | खोज तथा उद्धार सामग्रीहरूको संकलन/भण्डारण | स्थानीय विपद् व्यवस्थापन समिति, विपद् व्यवस्थापन उपशाखा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल रेडक्रश तथा विपद् व्यवस्थापन | सामग्री खरिद, समन्वय तथा विद्यमान सामग्रीहरुको मर्मत सम्भार । | प्रत्येक बर्ष आषाढको अन्त्य सम्ममा |

| | | | | |
|---|---|---|---|---|
| | | क्षेत्रमा काम गर्ने गैससहरु | | |
| ६ | सुरक्षा निकायका इकाईहरु तथा समुदाय स्तरका तालिम प्राप्त स्वयम सेवकहरुको सम्पर्क सुचि तयार गर्ने । | विपद् व्यवस्थापन उपशाखा, स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र | सम्वन्धित व्यक्तिको नाम, ठेगाना, फोन, इमेल, संकलन गरी राख्ने | आषाढको अन्त्य सम्ममा |
| ७ | सुरक्षा निकाय तथा समुदायस्तरमा रहेका उद्धार टिमलाई अभिमुखिकरण | सुरक्षा निकायसंग समन्वयमा स्थानीय विपद् व्यवस्थापन समिति | अभिमुखिकरण/तालिम | असार दोश्रो हप्ता |
| ८ | मौजुदा खोज तथा उद्धार सामाग्रीहरुको जांच/परिक्षण गर्ने । | विपद् व्यवस्थापन उपशाखा, स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र, सुरक्षा निकाय | अनुगमन गर्ने, पूर्व अभ्यास गर्ने । | |

**मानवीय सहयोगको मापदण्ड :**

प्रभावित व्यक्तिहरुको पहुँच निम्न वस्तुमा हुनेछ :

- स्फेयर मापदण्ड अनुसार प्रतिव्यक्ति प्रतिदिन न्यूनतम २१०० किलोक्यालोरी खाद्यान्न उपलव्घ गराउन प्रयास गर्ने ।
- प्रभावित मानिसहरूका लागि हाल विद्यमान तथा उपलब्ध भएका र पहुँच योग्य खाद्य पदार्थमा परिपूरक (complementary) को रूपमा एक अथवा दुई खाद्य पदार्थहरू पूरक रासनको रूपमा उपलब्ध गराउने,
- निश्चित समूहका व्यक्तिहरू (स-साना बालबच्चा, एच्आईभी एडस् संक्रमित व्यक्ति, जेष्ठनागरिक, दिर्घरोगि, कुपोषित व्यक्तिहरू आदि) को आवश्यकतालाई पूरा गर्नका लागि सामान्य रासनका अतिरिक्त परिपूरक रासनको व्यवस्था गर्ने ।

(क) मापदण्ड बमोजिमको खाद्य पदार्थ सिफारिश :

| | |
|---|---|
| चामल : | प्रतिदिन प्रतिव्यक्ति ४१० ग्राम (स्फेयर मापदण्ड अनुसार) |
| दाल : | प्रतिदिन प्रतिव्यक्ति ६० ग्राम (स्फेयर मापदण्ड अनुसार) |
| वनस्पति तेल : | प्रतिदिन प्रतिव्यक्ति ३० ग्राम . (स्फेयर मापदण्ड अनुसार) |
| नुन : | प्रतिदिन प्रतिव्यक्ति ५ ग्राम (स्फेयर मापदण्ड अनुसार) |

श्रोत र स्थानीय परिस्थितिलाई मध्यनजर गर्दै स्थानीय विपद् व्यवस्थापन समितिले मापडण्ड (मात्रा) निर्धारण गरि एकरुपताका आधारमा खाद्यान्न वितरणको गरिनेछ । तर शुरुमा घरायसी स्तरमा वितरण गरिने र अन्तिम लेखाजोखाबाट प्राप्त तथ्याङ्कको आधार तथा व्यक्ति र परिवार संख्याका आधारमा मापदण्ड बनाई वितरण गरिनेछ ।

**गैरखाद्य सामग्री सहयोग सम्बन्धी मापदण्ड :**

- स्फेयर मापदण्ड अनुसार औसतमा एक व्यक्तिका लागि ३.५ बर्ग मिटर छानाभित्रको क्षेत्रफल र क्याम्प व्यवस्थापनका लागि प्रतिब्यक्ति ४५ वर्ग मिटर क्षेत्रफल उपलब्ध उपलब्ध हुनेछ । (औसतमा एक ५ सदस्यीय परिवारका लागि कम्तिमा पनि १० मिटरको डोरीसहितको प्लाष्टिक सिट र अन्य थप सहायता सामग्री उपलब्ध गराईने छ ।)
- केन्द्रीय आवास विषयगत क्षेत्रले तयार गरेको राहत सामाग्रीको मापदण्डलाई स्थानीय सन्दर्भ र आवश्यकतामा आधारित भएर कार्यन्वयनको लागि स्थानीय तथा जिल्लातहमा छलफल तथा समन्वय गरिने छ ।
- प्रत्येक प्रभावित परिवारलाई नेपाल रेडक्रस सोसाईटीको मापदण्ड अनुसार एक सेट गैरखाद्यय सामग्री उपलब्ध गराईने छ । वा स्रोतको उपलब्धताको आधारमा स्फेयरको न्यूनतम मापदण्ड अनुसरण गर्ने प्रयास गरिने छ । अन्य घरायसी गैरखाद्य राहत सामाग्री भने बिस्तृत सर्बेक्षण पश्चात् आवश्यकता साथै स्रोतको उपलब्धताको आधारमा नगद तथा भौचरमा आधारित भएर गर्न सकिने छ ।

## ३.३. विषयगत क्षेत्रः स्वास्थ्य तथा पोषण, खानेपानी, सरसफाई र स्वच्छता प्रवर्धन

**अगुवाइ गर्ने निकायः** स्वास्थ्य प्रर्वधन उपशाखा, टिकापुर नगरपालिका
**मुख्य बिपद्को किसिमः** १) बाढी, २) हावाहुरी, ३) आगलागी, ४) शितलहर, ५) जंगली जनावरको आक्रमण र ६) भुकम्प

### विपद्को अनुमानित अवस्थाः

नगरपालिका भित्रहुने गरेका बाढी, हावाहुरी, आगलागी, बन्यजन्तुको आक्रमण, शितलहर, भूकम्प लगायत प्रकोपवाट हुने विपद्को जोखीमवाट सम्भाव्य प्रभावित ५४८६ घर परिवारका २३७५४ जना हुन सक्नेछन् । त्यसैगरी विश्वभर महामारीको रुपमा फैलिरहेको कोभिड १९ को संक्रमण नेपालमा पनि दिनानुदिन बढ्दै गैरहेको छ । यस रोगको संक्रमणलाई समयमा रोकथाम तथा नियन्त्रण गर्न सकिएन भने ठुलो जनधनको क्षति हुने देखिन्छ ।

- स्वच्छ खानेपानी तथा सरसफाइको असुविधा हुन सक्ने ।
- विपद्का कारण बिभिन्न महामारी फैलन सक्ने तथा खाद्य असुरक्षाकाकारण पोषण कमी र स्वास्थ्य समस्या उत्पन्न हुन सक्छ ।
- नदीको कटान, बाढी, पहिरो, भुकम्पका कारणबाट खानेपानीको मुहानहरुमा क्षतिहुने, डुवानमा पर्ने, इनार तथा कुवाहरु दुषित हुने, पुरिने ।
- व्यक्तिगत तथा सामुदायिक चर्पीहरु क्षतिग्रस्त हुने, वातावरण दुषित हुनेगरी शौचालयहरु भरिने, सेफ्टीट्याङ्की फुट्ने, पानीका मुहानहरु दुषित हुने र सरसफाइका सामाग्रीहरुको अभाव रहने ।
- सुरक्षित पानीको अभाव तथा दुषित वातावरण ।
- फोहरमैलाको व्यवस्थापनमा कठिनाइ भई माहामारी प्रकोप फैलिन सक्ने सम्भावना ।

### विषयगत उद्देश्य :

- जस्तोसुकै आपतकालीन अवस्था परे पनि मानव कल्याण तथा जीवन सुरक्षा (human survival and well-being), खासगरी एकदमै जोखिममा रहेका समूहको स्वास्थ्य एवं पोषणसम्बन्धी आवश्यकताहरू पूरा भएका छन् भनी सुनिश्चित गर्ने ।
- रोग फैलन गएको खण्डमा सहयोग तथा लेखाजोखाका लागि क्षमता अभिवृद्धि गर्ने ।
- आधारभूत स्वास्थ्य सेवाहरूमा निरन्तर पहुँच सुनिश्चित गर्न र स्वास्थ्य शिविरको संचालन गर्न र अर्को निकायमा पठाउने संयन्त्र (referral mechanism) को विकास गर्ने ।
- पर्याप्त आपतकालीन आपूर्ति र मानव स्रोतलगायतका विषयमा शीघ्र क्षमता अभिवृद्धिका लागि पहल गर्ने ।
- विस्थापित भएर शिविरमा बस्ने मानिसहरुका लागि कोभिड १९ को सुरक्षा मापदण्ड अनुरुप सुरक्षित खानेपानी र अस्थायी शौचालयको व्यवस्थापन गर्ने ।
- जिल्लामा कार्यरत खानेपानी तथा सरसफाइ संस्थासंग समन्वय र सहकार्य गरी जिल्लाका प्रभावित गा.पा र न.पा.मा खानेपानी र सरसफाइको अवस्थालाई व्यवस्थित र प्रभावकारीरुपमा कार्यान्वयन गर्ने र सोको रिर्पोटिङ जिल्ला विपद् ब्यवस्थापन समितिमा पेश गर्ने ।
- खानेपानी र सरसफाइमा आवश्यक पर्ने सामाग्रीहरुको खोज, व्यवस्थापन, भण्डारण र वितरणमा जिल्ला विपद् ब्यवस्थापनको निगरानीमा रही कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने ।
- अस्थायीरुपमा व्यक्तिगत सरसफाइका सुविधाहरुमा पहुँच वृद्धिगर्ने ।

- विस्थापित मानिसहरु बस्ने शिविरहरुमा सरसफाइ कायम गर्न तिनको सशक्तिकरण कार्य गर्ने ।
- स्थानीयस्तरको पत्रपत्रिका, एफ.एम. रेडियोहरुमा खानेपानी तथा सरसफाइको कारणबाट लाग्ने सक्ने विभिन्न किसिमको माहामारीबाट बच्नको लागि अपनाइने उपायहरुको बारेमा जनताहरुलाई जानकारी दिने ।
- विपद्को समयमा खानेपानी र सरसफाइको अभावबाट हुन सक्ने माहामारी रोगलाई रोकथाम र न्यूनीकरणगर्ने ।
- क्षतिग्रस्त भएका खानेपानी तथा सरसफाइ सम्वन्धी आयोजना र संरचनाहरुको लगत तयार पारी सम्वन्धित निकायहरुमा स्थानीय विपद् व्यवस्थापनको सिफारिस सहित पठाउने ।
- विपद् हुनु पुर्व पनि विपद्मा हुन सक्ने माहामारीलाई रोकथाम गर्न खानेपानी तथा सरसफाइ सम्वन्धि सचेतीकरणगर्ने ।
- विस्थापित मानिसहरूका लागि पूरक खाना खुवाउने कार्यक्रम (Supplementary Feeding Programme - SFP) मा पहुँचको माध्यमबाट गर्भवती तथा स्तनपान गराउने महिला एवं पाँच वर्ष मुनिका केटाकेटीहरूमा गम्भीर तथा मध्यम कुपोषणको अवस्थालाई रोकथाम गर्न पहल गर्ने ।
- समुदायस्तरमा रोग तथा चोटपटकको उपचार विद्यमान स्वास्थ्य केन्द्रको प्रणालीको क्षमताभन्दा बाहिर गएको अवस्थामा अन्य स्वास्थ्य सेवा प्रदायक निकायहरुमा रिफर गर्ने ।

## स्वास्थ्य तथा पोषण, खानेपानी, सरसफाई र स्वच्छता प्रवर्धन बिषयगत क्षेत्रको प्रतिकार्य योजना

**तालिका१७ः स्वास्थ्य तथा पोषण,खानेपानी,सरसफाई र स्वच्छता प्रबर्धन क्षेत्रको प्रतिकार्य योजना**

| समय अवधि | विपद्को अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्था संवोधन गर्न गरिने पूर्व तयारी कार्य | कार्य सम्बोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ० देखि २४ घण्टा | • बिषयगत क्षेत्रको आकस्मिक बैठक बस्ने<br>• क्षतिको आकलन गर्न टोली परिचालन गर्ने | • बैठक बस्ने समय र स्थान पहिचान गर्ने र सदस्यहरुको सम्पर्क सूची व्यवस्थित गर्ने ।<br>• क्षति आकलन टोलीको निर्माण गर्ने र टोलीको कार्य सूची तयार गर्ने । | • सिमित जनशक्तिबाट कार्य संचालन गर्नुपर्ने<br>• थप जनशक्तिको परिचालन गर्नुपर्ने | स्वास्थ्य प्रर्वधन उपशाखा |
| २४ देखि ७२ घण्टा | • द्रुत सर्वेक्षणको आधारमा प्रभावितहरुको आवश्यकता पहिचान गर्ने ।<br>• पानी शुद्धिकरणका लागि औषधी वितरण गर्ने<br>• विपद् प्रभावित क्षेत्रहरुमा अस्थायी स्वास्थ्य शिबिर सञ्चालन गर्ने ।<br>• स्थनपान प्रर्वधन गर्ने, तयारी खाना ब्यवस्थापन र बितरण गर्ने ।<br>• आश्रयस्थलमा अस्थायी चर्पी र खानेपानी धारा निर्माण गर्ने । | • पानी शुद्धिकरण गर्ने सामाग्रीहरु अग्रीम व्यवस्थापन (जस्तै : पियूस, एक्वाटयाव्स्, वाटरगार्ड) गर्ने ।<br>• खाद्य सुरक्षा बिषयगत क्षेत्रसंग समन्वय गरी तयारी खानाहरुको व्यवस्थापन गर्ने ।<br>• आवश्यक्ता अनुरुप अस्थायी चर्पी तथा धाराको स्टक राख्ने । | • प्रयाप्त जनशक्ति र स्रोतको अभाव हुन सक्ने । | स्थानीय विपद ब्यवस्थापन समिति, स्वास्थ्य प्रर्वधन उपशाखा, कृषि शाखा, पूर्वाधार बिकास शाखा, स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र |

| | | | | |
|---|---|---|---|---|
| ७२ घण्टा देखि ७ दिन सम्म | • अभिलेख तथा प्रतिवेदन अत्यावश्यकिय सेवाहरु(खोप, पोषण, क्षयरोग, प्रजनन् स्वास्थ्य, मनोबैज्ञानीक परामर्श) सञ्चालन गर्ने । <br>• मानव तथा पशुपंक्षिको शव व्यवस्थापन गर्ने । <br>• सरसफाई र पानीजन्य रोगको बारेमा सचेतना कार्यक्रम सञ्चालन गर्ने । <br>• सन्देशमुलक सामग्री स्थानीय एफ. एम. र पत्रपत्रिकाहरुमा प्रसारण गर्ने | • चर्पी निर्माणका लागि आवश्यक सामाग्रीहरु गोदाममा व्यवस्थित गर्ने, <br>• सचेतना सामाग्रीहरु तयारी अवस्थामा राख्ने । | • शव व्यवस्थापनका लागि जनशक्ति तथा साधन स्रोत अभाव हुन सक्ने । | स्थानीय विपद व्यवस्थापन समिति, स्वास्थ्य प्रर्वधन उपशाखा, कृषि शाखा, पूर्वाधार बिकास शाखा, स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र, सुरक्षा निकाय |
| ७ दिन देखि २ हप्ता सम्म | • अस्थायी आश्रय स्थलहरुमा चर्पी र खानेपानी धाराको सरसफाईको व्यवस्था मिलाउने । <br>• वितरण गर्ने सामग्री तथा सरसफाईको अवस्थाबारे अनुगमन गर्ने । <br>• अपुग सामग्रीहरु व्यवस्थापन गर्ने । | • सरसफाई कर्मचारीको व्यवस्था गर्ने । <br>• अपुग सामग्री खरिद तथा सम्वन्धित स्थानमा ढुवानी र गोदाम गर्ने । | • बजारमा सामग्री, स्रोत र गोदाम स्थलको अभाव हुन सक्ने । | स्थानीय विपद व्यवस्थापन समिति, स्वास्थ्य प्रर्वधन उपशाखा, कृषि शाखा, पूर्वाधार बिकास शाखा, स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र, जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश र केन्द्र सरकार । |
| २ हप्ता देखि १ महिना सम्म | • वितरण गरिएको सामाग्रीहरु तथा सरसफाईको अवस्थाबारे अनुगमन गर्ने, अपुगभएको सामाग्री वितरण गर्ने । <br>• क्षतिग्रस्त क्षेत्रको स्थलगत अध्ययन गरी स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा सम्वन्धित निकायमा पेश गर्ने । | • अनुगमन टोली गठन गर्ने र अनुगमन प्रक्रिया बारे प्रष्ट पार्ने, | • क्षतिको मात्रा ठुलो भई स्थानीय सरकारको काबुभन्दा बाहिरको परिस्थिति सृजना हुन सक्ने । | • स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार र संघिय सरकार |

## ३.४. बिषयगत क्षेत्रः आपतकालिन शिक्षा

अगुवाइ गर्ने निकाय : शिक्षा, यूवा तथा खेलकुद शाखा, टिकापुर नगरपालिका
**मुख्य बिपद्को किसिमः** १) बाढी, २) हावाहुरी, ३) आगलागी, ४) शितलहर, ५) जंगलिजनावरको आक्रमण र ६) भुकम्प

**विपद्को अनुमानित अवस्थाः**
नगरपालिका भित्रहुने गरेका बाढी, हावाहुरी, आगलागी, बन्यजन्तुको आक्रमण, शितलहर, भूकम्प लगायत प्रकोपवाट हुने विपद्को जोखीमवाट सम्भाव्य प्रभावित ५४८६ घर परिवारका २३७५४ जना हुन सक्नेछन् । नगरपालिकामा बालबिकास केन्द्र(सामुदायिकः ३७ र नीजिः २१) ५८ वटा छन् । यसरीनै, कक्षा १ देखि कक्षा १२

सम्म अध्यापन हुने सामुदायिक विद्यालय ४१ र नजी विद्यालय ३७ वटा गरी जम्मा ७८ वटा छन् । कक्षा १ देखि १२ कक्षासम्मअध्ययनरत विद्यार्थीहरु २०८४५ जना छन । स्रोतः टिकापुर नगरपालिका, नगर पार्श्वचित्र २०७५

- नगरपालिका क्षेत्रभित्रका विद्यालयहरु बाढीको कारणले प्रभावित हुन सक्ने ।
- नगरपालिका भित्रका पुराना विद्यालय भवन भुकम्पीय दृष्टिकोणबाट जोखिम रहेका ।
- विद्यार्थीको किताव तथा शैक्षिक सामग्री आपतकालिन अवस्थामा हराउन वा नष्ट हुन सक्ने ।
- विद्यालयहरुलाई आपतकालिन अवस्थामा आश्रयस्थलको रुपमा प्रयोग गर्दा विद्यालयको वरीपरी महामारी जस्ता समस्याहरु उत्पन्न हुन सक्ने ।
- विद्यार्थीहरुलाई विद्यालयको जाँदा आउँदा र विद्यालय परिसरमा र बाटोमा रहेका रुखहरु ढलेर च्याप्ने र चोटपटक लाग्ने सम्भावना भएको ।
- विद्यार्थीहरुलाई विद्यालय जाँदा आउँदा बस ट्रक गाडी मोटरसाइकल आदि बाहानहरुबाट दुर्घटना हुनसक्ने ।
- जाडो याममा ठण्डीको कारण बिशेष गरेर कम उमेरका  र विपन्न परीवारका(न्यानो लुगा बाट बन्चित हुने) बिद्यार्थिहरु लाइ शितलहरका कारण बिरामी हुन सक्ने ।
- विद्यार्थीहरुमा मनोवैज्ञानिक समस्या सिर्जना हुने ।
- बाढीका कारणले विद्यालय जानेआउने बाटोघाटो अवरुद्ध हुने ।
- भुकम्प, आगलागी र बाढीका कारण विद्यालयमा फर्निचर, पठन पाठन सामग्री ,अभीलेख सामग्री, प्रयोगशाला सामग्री  आशिक वा पुर्ण रुपमा क्षति हुन सक्ने ।
- विद्यालयमा खानेपानीका स्रोत प्रदुषित हुँदा झाडापखाला सरुवा रोग, ज्वरो आदिबाट बिद्यार्थी तथा शिक्षक प्रभावित हुनसक्ने ।
- विद्यालयहरुलाई क्वारेन्टाईन र आईसोलेसन सेन्टको रुपमा प्रयोग गर्दा कोभिड-१९ को संक्रमण फैलिन सक्ने ।
- विद्यालयहरुमा उपयुक्त किसिमको सरसफाई मापदण्ड पुरा नगरिएको र सामाजिक दुरी पालना नगरिएको अवस्थामा कोभिड-१९ जस्ता संक्रामक रोगहरु फैलिन सक्ने ।
- कोभिड-१९ को संक्रमणका कारण लामो समय सम्म विद्यालय सञ्चालन हुन नसक्ने र विद्यार्थीहरुको सिकाईको अवसरबाट बञ्चित हुनसक्ने ।

**विषयगत उद्देश्य**

- विपद्‌बाट प्रभावित विद्यालय जाने उमेरका बालबालिका तथा शिक्षकहरुलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्नका लागि र उनीहरुलाई सुरक्षित रुपमा सिकाउने एवम् सिक्ने वातावरण तयार पार्ने ।
- बालबालिका, शिक्षक, कर्मचारी तथा अभिभावकको आपतकालिन अवस्थामा विपद जोखिम न्यूनीकरणका लागि क्षमता अभिवृद्धि गर्ने  ।
- प्रभावकारी आपतकालिन पूर्वतयारी तथा प्रतिकार्यलाई सहजीकरण गर्नका लागि बिषयगत क्षेत्रगत क्षेत्रका सदस्यहरु(cluster members) का बीचमा प्रभाकारी समन्वय, अनुगमन तथा सूचनाको आदानप्रदान सुनिश्चित गर्ने ।
- विपद्का समयमा विद्यालयको भौतिक संरचना र अभिलेख सुरक्षित गर्ने कार्यमा स्थानीय सरकारको शिक्षा समिति र शाखालाई सहयोग एवं सहजीकरण गर्ने ।

- विद्यालयमा विपद्बाट भएको भौतिक क्षतिको पुर्नस्थापना तथा पुर्ननिर्माण गर्ने कार्यमा स्थानीय सरकारलाई सहजीकरण गर्ने ।
- लामो समयसम्म विद्यालय बन्द भएको अवस्थामा दुरशिक्षण तथा भर्चुअल शिक्षणको माध्यमले विद्यार्थीहरुको सिकाई अवसर सुनिश्चित गर्न वकालत र सहजीकरण गर्ने ।

आपतकालिन शिक्षा बिषयगत क्षेत्रको प्रतिकार्य योजना

**तालिका१८ः आपतकालीन शिक्षा विषयगत क्षेत्रको प्रतिकर्य योजना**

| समायवधि | विपद अवस्थामा गरिने आपतकालिन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालिन अवस्थाको सम्वोधन गरिने पूर्वतयारी कार्य | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|
| ० देखि १ घण्टा भित्र | • विषयगत क्षेत्रको बैठकको आह्वान गर्ने ।<br>• शिक्षक, स्थानीय स्वयम् सेवक, सहयोगी कार्यकर्ताको कार्यदल गठन गरी परिचालन गर्ने । | • विपद् प्रभावित हुने संभावित क्षेत्रमा रहेका विद्यालय शिक्षक र अभिभावकहरुको मोवाइल एवम् टेलिफोन नम्वर अद्यावधिक गर्ने । | • शिक्षा शाखा, यूवा तथा खेलकुद शाखा<br>• स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र<br>• वडा कार्यालय |
| १ देखि ७ घण्टा सम्म | • प्रारम्भिक विवरण संकलन गर्ने ।<br>• प्रारम्भिक विवरण स्थानीय तथा जिल्ला विपद् व्यवस्थापन समितिलाई उपलब्ध गराउने ।<br>• थप क्षेति हुन नदीन सूचना प्रवाह गर्ने, स्थानीय स्तरमा रहेको दक्ष जनशक्ति परिचालन गर्ने | • स्थानीय स्तरमा रहेको दक्ष जनशक्तिलाई तालीम प्रदान गर्ने ।<br>• शिक्षा कलस्टरमा सहभागी संघसस्थाको विवरण अद्यावधिक<br>• विवरण संकलन गर्ने फारम दक्ष र तालिम प्राप्त संकलकको सूचि अद्यावधिक | • शिक्षा शाखा, यूवा तथा खेलकुद शाखा<br>• स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र<br>• वडा कार्यालय |
| ८ देखि २४ घण्टा सम्म | • सुरक्षित आश्रयस्थलमा प्रयोग भएका विद्यालयको सूचि तयार गर्ने<br>• शिक्षा कलस्टरको बैठक सञ्चालन गरी क्षेतिको प्रारम्भिक विवरणको विश्लेषण | • सूरक्षित आश्रयस्थलको रुपमा प्रयोग हुन सक्ने विद्यालयको सूचि तयार गरी आवश्यक पूर्वाधारहरु बिकास गर्ने ।(खाने पानी, शौचालय आदी) | • शिक्षा शाखा, यूवा तथा खेलकुद शाखा<br>• स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र<br>• वडा कार्यालय |
| २४ घण्टा देखि ४८ घण्टा सम्म | • विद्यालय परिवार वडा कार्यालयको जनशक्ति परिचालन गरी प्रभावित विद्यार्थीहरुको विवरण संकलन गर्ने । | • जोखीम व्यवस्थापन र लेखाजोखाको तालीम प्राप्त गरेका शिक्षक र विद्यार्थीहरुको सूची अद्यावधिक गर्ने । | • शिक्षा शाखा, यूवा तथा खेलकुद शाखा<br>• स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र<br>• वडा कार्यालय |
| ४८ देखि ७२ घण्टा भित्र | • विद्यालय परिवार वडा कार्यालयको जनशक्ति परिचालन गरी प्रभावित विद्यार्थीहरुको विवरण संकलन गर्ने ।<br>• संकलित विवरण विश्लेषण गर्ने । | • प्रारम्भिक स्थालगत विवरण संकलन गर्ने । | • शिक्षा शाखा, यूवा तथा खेलकुद शाखा<br>• स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र<br>• वडा कार्यालय |
| ७२ घण्टा देखि ७ दिन सम्म | • विद्यालयहरुलाई विपदबाट प्रभावितहरुका लागि सेल्टरको रुपमा तयारी र व्यवस्थापन । | • कलष्टरको बैठक सञ्चालन गर्ने | • स्थानीय विपद् व्यवस्थापन समिति<br>• शिक्षा शाखा, यूवा तथा खेलकुद शाखा<br>• स्थानीय आपतकालिन |

| | | | |
|---|---|---|---|
| | | | कार्यसञ्चालन केन्द्र |
| ८ दिन देखि २ साताभित्र | ● बिद्यालय भित्र प्रभावितहरुको अवस्था लेखाजोखा गर्न शिक्षक, यूवा रेडक्रसका तालिम प्राप्त विद्यार्थीलाइ स्वयम सेवकको रुपमा परिचालन गर्ने । | ● स्थानीय विपद व्यवस्थापन समितिको बैठकमा सहभागी भई प्राप्त विवरण प्रस्तुत गर्ने । | ● शिक्षा शाखा, यूवा तथा खेलकुद शाखा |
| २ साता देखि १ महिना सम्म | ● विद्यालय पूनः सञ्चालनका लागि आवश्यक तयारी गरी सञ्चालन गर्ने<br>● बालबालिकाहरुलाई मनोसामाजिक परामर्श उपलब्ध गराउने ।<br>● आवश्यक्ता अनुसार विद्यार्थीहरुलाई शैक्षिक सामग्रीहरु उपलब्ध गराउने । | ● अस्थायी विद्यालय सञ्चालनका लागि आवश्यक टेन्ट, सिकाई सामग्री तयार गर्ने ।<br>● मनोसामाजिक परामर्श उपलब्ध गराउन सक्ने जनशक्तिको बिवरण दुरुस्त राख्ने । | ● शिक्षा शाखा, यूवा तथा खेलकुद शाखा<br>● आपतकालिन शिक्षा क्षेत्रमा कार्यरत गैससहरु । |

आपतकालिन शिक्षा बिषयगत क्षेत्रको पूर्वतयारी योजना

**तालिका१९ः आपतकालीन शिक्षा विषयगत क्षेत्रको पुर्बतायारी योजना**

| क्र. सं. | प्राथमिकता प्राप्त पूर्व तयरी कार्यको सूची | मुख्य जिम्मेवार निकाय | कार्यान्वयन गर्ने तरिका | समय सिमा |
|---|---|---|---|---|
| १ | विपदबाट प्रभावित हुने सम्मभावित विद्यालय र विद्यार्थीहरुको विवरण अद्याबधिक गर्ने | शिक्षा, यूवा तथा खेलकुद शाखा | बैठक एवम् कार्यशाला | शैक्षिक शत्रको आरम्भमा |
| २ | संकटासन्न विद्यालयका शिक्षक एवं विद्यालय व्यवस्थापन सिमितका पदाधिकारीहरुको सम्पर्क नम्वर अद्याधिक गर्ने | शिक्षा, यूवा तथा खेलकुद शाखा | बैठक एवम् कार्यशाला | शैक्षिक शत्रको आरम्भमा |
| ३ | बाढी पूवार्नुमान सूचनाको आधारमा विद्यार्थी तथा अभिभावकलाई जानकारी दिने । | स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र, शिक्षा, यूवा तथा खेलकुद शाखा, शिक्षक | एफ.एम. रेडियो, स्थानीय टेलीभिजन, टेलीफोन, सम्पर्क, माईकिंग आदी | पूर्वसूचना प्राप्त भएछि |
| ४ | विद्यालयमा शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई पूर्व सूचना प्रणालीबारे अभिमुखीकरण गर्ने । | स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र | बैठक एवम् कार्यशाला | शैक्षिक शत्रको आरम्भमा |
| ५ | संकटासन्न विद्यालयका शिक्षक तथा विद्यार्थीहरुलाई बाढी पूर्व सूचना अभिमुखीकरण प्रकोप व्यवस्थापन र प्राथमिक उपचार, आधारभूत तालीम दिने | नगर विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रश | अभिमुखीकरण, तालीम | मनसुन पूर्व गर्ने |
| ६ | कोभिड-१९ सम्बन्धि सूचना, जानकारी र अभिमुखिकरण र विद्यालयमा सरसफाईका न्यूनतम मापदण्ड व्यवस्थापन | शिक्षक | अभिमुखिकरण, तालिम, रेडियो टिभी | नियमित |
| ७ | दुरशिक्षण तथा भर्चुअल शिक्षणको लागि आवश्यक तयारी गर्ने (शिक्षक तालिम, पाठ्यक्रम तयारी, सामग्री प्रसारण र विद्यार्थी प्रतिक्रिया र अनुगमन प्रणालीको पूर्वतयारी) | शिक्षा, यूवा तथा खेलकुद शाखा | तालिम, सेमिनार, बैठक, रेकर्डिङ्ग तथा प्रसारण कक्ष निर्माण, विद्यार्थी तथा शिक्षक अभिभावक अभिमुखिकरण, शिक्षकको सम्बन्धित जीम्मेवारी किटान | वर्षको बैशाख, जेठ र असार महिनाभित्र |

आपतकालिन शिक्षा बिषयगत क्षेत्र अन्तर्गतका सदस्यहरु र सम्पर्क ब्यक्तिको विवरणः अनुसूचिमा उल्लेख गरिएको छ ।

### ३.५.विषयगत क्षेत्रः संरक्षण

**अगुवाइ गर्ने निकायः**महिला, बालबालिका तथा समाजकल्याण उपशाखा, टिकापुर नगरपालिका
**मुख्य बिपद्को किसिमः** १) बाढी, २) हावाहुरी, ३) आगलागी, ४) शितलहर, ५) जंगलिजनावरको आक्रमण र ६) भुकम्प

**विपद्को अनुमानित अवस्थाः**
नगरपालिका भित्रहुने गरेका बाढी, हावाहुरी, आगलागी, बन्यजन्तुको आक्रमण, शितलहर, भूकम्प लगायत प्रकोपवाट हुने विपद्को जोखीमवाट सम्भाव्य प्रभावित ५४८६ घर परिवारका २३७५४ जना हुन सक्नेछन् ।

**विपद्को अनुमानित अवस्थाः**

- विपद् बाट प्रभावित ५ हजार जनालाई संरक्षणको आवश्यक्ता पर्न सक्ने ।
- असुरक्षाको वातावरण सृजना हुने ।
- कोभिड १९ को जोखिमवाट महिला तथा वालवालिका समेत प्रभावित हुनसक्ने ।
- धनजनको क्षति, घाइते बाल-बालिका, बिछोडिएका बाल-बालिका, एकल महिलाहरू, अनाथ, टुहुरा बालबालिकाहरू र अपांगता भएका ब्यक्तिहरुको सङ्ख्यामा वृद्धि हुने ।
- प्रभावितप्रति हुने हिंसा र अन्य आपराधिक गतिविधिहरू (लुटपाट, चोरी, हत्या, डकैती, अपहरण, बलात्कार) बढ्ने सम्भावना रहने ।
- गर्भवती, सुत्केरीहरू तथा अपाङ्गता भएका व्यक्तिहरु वढी प्रभावित हुने । समय भन्दा पहिले सुत्केरी हुने संभावना ।
- लिङ्गमा आधारित हिंसामा बृद्धि हुने, विशेषगरी बालिका र किशोरीहरु जोखिममा पर्ने ।
- मानसिक आघात, साहारा विहिन हुनेहरुको संख्यामा बृद्दि हुने ।
- गरिबी बढ्ने, मानव बेचविखन तथा ओसार पसार हुन सक्ने ।
- यौनजन्य हिंसा हुन सक्ने ।
- आवश्यक उपचार, स्वास्थ्य सेवा एवं न्यूनतम पोषण प्राप्त गर्नबाट बञ्चित हुने ।

**विषयगत उद्देश्यः**

- आपतकालीन परिस्थितिबाट उत्पन्न हिंसा, शोषण, दुर्व्यवहार, हेला तथा जोखिममा रहेका वा जोखिममा रहने संभाब्य ब्यक्तिहरू बिशेषगरी महिला तथा बालबालिकाहरुलाई हिंसा र दुर्ब्यबहारबाट संरक्षण गर्ने र त्यस्ता दुर्व्यबहारबाट प्रभावित व्यक्तिहरूका लागि सेवा सम्बन्धी प्रावधानहरूमा पहुँचकालागि सहयोग गर्ने ।
- यौन दुर्व्यवहार, शोषण तथा हिंसाको रोकथाम र तिनको अनुगमन र रिपोर्टिङ्ग गर्ने ।
- कोभिड १९को जोखीममा रहेका वालवालिका तथा महिलाको कोरेन्टिन तथा आइसोलेसनमा सुरक्षा प्रदान गर्ने ।
- जोखिममा रहेका समूहहरूका लागि मानव अधिकार सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय मानवीय कानुनले प्रत्याभूत गरेका मौलिक अधिकारहरूको सरंक्षण गर्ने ।

- बालबालिका, महिला, बिशेष क्षमताका व्यक्ति र ज्येष्ठ नागरिकहरुलाई सुरक्षित आश्रय वा वातावरणको बन्तोबस्तो भए नभएको निगरानी राख्ने र सिफारिस गर्ने ।
- जोखिममा रहेका समूहहरूको संरक्षण सुनिश्चितका लागि आपतकालीन सहयोगको न्यायोचित वितरणमा सहयोग उपलब्ध गराउने
- बाल तथा महिला मैत्री स्थान तथा मनो-सामाजिक परामर्श सम्बन्धी सहयोगको स्थापना गरी सुरक्षित वातावरणमासुनिश्चित गर्ने ।
- बिछोड भएका सबै बाल-बालिका र खास गरी पाँच वर्षको उमेर भन्दा मुनिकाको पहिचान, दर्ता तथा स्वास्थ्य सम्बन्धी जाँचका बारेमा सहयोग र त्यस्तो सहयोग पछि उपयुक्त सेवा तथा संरक्षणका सुविधा सहित परिवारको खोजी गर्ने कार्यमा सहयोग गर्ने ।
- जोखिममा रहेका गर्भवती, बालबालिका, वृद्ध एवं दिर्घरोग भएका व्यक्तिहरुलाई न्यूनतम आधारभूत आवश्यकता तथा सेवाको प्राप्तिको सुनिश्चितता गर्ने ।

**संरक्षण बिषयगत क्षेत्रको प्रतिकार्य योजनाः**

**तालिका२०: संरक्षण  बिषयगत क्षेत्रको प्रतिकार्य योजना**

| विपद्को घटना पश्चातको अवधि | विपद्को अवस्थामा गरीने आपतकालीन कार्य (विपद्को प्रकृतिमा आधारित) | आपतकालीन अवस्था संवोधन गर्न गरीने पूर्वतयारी कार्य | पूर्वतयारी कार्य संवोधन गर्न खाडलको पहिचान | मुख्य जिम्मेवार निकाय |
|---|---|---|---|---|
| ० देखि १ घण्टा भित्र | ● बिषयगत क्षेत्रको बैठक बसी विपद्को घटनाका बारेमा जानकारी लिने दिने र प्रतिकार्यका लागि तयारी अवस्थामा बस्न सबै सदस्यहरुलाई निर्देशन दिने । | ● सम्पर्क व्यक्तिको नाम, थर र सम्पर्क नं. टाँसगरी जो सुकैले सूचना दिन सक्ने व्यबस्था मिलाउने र जिल्ला स्तरका सरोकारवालाहरुलाई सम्पर्क नंम्वरहरु उपलब्ध गराउने | ● स्थानीय स्तरका सम्पर्क व्यक्तिहरुलाई अभिमूखीकरण  र हातेपर्चा छपाइ निर्माणको लागि श्रोतको कमी | महिला, बालबालिका तथा समाजकल्याण उपशाखा |
| १ घण्टा देखि ७ घण्टा भित्र | ● सुरक्षित आश्रय स्थलको सुनिश्चितामा सहयोग गर्ने ।<br>● सूचना संकलक, अनुगमनकर्ता र निगरानीकर्ता परिचालन | ● स्थानीय विपद् व्यवस्थापन समितिबाट पहिचान गरिएका सुरक्षित मार्ग, स्थान, आश्रय स्थल र योजनाको जानकारी अद्यावधिक गर्ने । | ● विपद्को समयमा सम्बन्धित स्थानमा पुगी सेवा दिन कठिन हुन सक्ने । | महिला, बालबालिका तथा समाजकल्याण उपशाखा |
| ७ घण्टा देखि २४ घण्टा भित्र | ● स्थानीय महिला सहकारी संस्थाहरु, निगरानी समूहहरु र बाल क्लबहरु परिचालन गरी सङ्कटाभिमुख समुहहरु पहिचानगरी सम्बन्धित सबै सम्पर्क निकायहरुमा आबश्यक सहयोगको लागि सिफारिस गर्ने । | ● द्रुत सर्बेक्षण फाराम बिपद् पूर्वनै तयार गरी राख्ने ।<br>● संभाव्य प्रभावित स्थानहरुमा स्थानीय स्तरमा पहिचान गरिएका निकायहरुलाई तयारी अबस्थामा राख्ने । | ● बजेट तथा जनशक्तिको कमी<br>● बालबालिका जेष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरुको लागि उपयुक्त आश्रय स्थल/व्यबस्थापनमा ध्यान नपुग्ने । | महिला, बालबालिका तथा समाजकल्याण उपशाखा, स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय संघसंस्थाहरु |
| २४ देखि | ● मानबीय सहयोगको अनुगमन र सुधार गर्न आबश्यक | ● स्थानीय स्तरमै बिभिन्न उपसमितिहरु निर्माणगरी | | महिला, बालबालिका तथा समाजकल्याण |

| | | | | |
|---|---|---|---|---|
| ४८ घण्टा भित्र | बिषयमा सुझाव संकलनको लागि टोली परिचालन गर्ने । | पूर्व तयारी अबस्थामा राख्ने । | | उपशाखा |
| २४ देखि ४८ घण्टा भित्र | • शिशु, सुत्केरी, गर्भवती, नियमित औषधि सेवन गर्नुपर्ने अबस्थाका जेष्ठनागरिकहरुलाई आबश्यक राहत सामाग्री प्याकेजमा वितरण गर्ने ।<br>• महिला र बालिका माथि हुन सक्ने संभाब्य हिंसा, दुर्व्यबहारबाट संरक्षणको लागि निगरानी गर्न नियमित रुपमा टोली वा ब्यक्ति परिचालन गर्ने । | • सरोकारवाला निकायहरु बीच कार्यक्षेत्र र जिम्मेवारी बाँडफाड गर्ने ।<br>• मनोसामाजिक परामर्शकर्ताहरुको नक्शाङ्कन<br>• मनोसामाजिक परामर्शकर्ता उत्पादन एवंम पुर्नताजगी<br>• आकस्मिक सहयोगकोष स्थापना गर्ने । | • यातायात, खाना, आबास आदि ब्यबस्थाको लागि श्रोतको कमी<br>• प्रतिस्ठा सामाग्री (Dignity kits)को कमि | • महिला, बालबालिका तथा समाजकल्याण उपशाखा,<br>• सुरक्षाकर्मी,<br>• संरक्षण क्षेत्रमा कार्यरत गैससहरु |
| ४८ घण्टा देखि ७२ घण्टा भित्र | • हिंसा दुर्व्यबहारबाट संरक्षणकोलागि नियमित रुपमा टोली परिचालन गर्ने ।<br>• मनोसामाजिक परामर्शकर्ताहरु परिचालन गर्ने ।<br>• हिंसामा परेका महिलाहरुलाई अल्पकालिन आश्रय र आबश्यकक्ता अनुसार कानूनी सहायता प्रदान गर्ने । | • बिपदको समयमा अप्रत्याशित सेवा दिनुपर्ने भएको हुँदा आबश्यक, श्रोतसाधन र दक्ष जनशक्तिको नाम लिष्ट विवरण संकलन गरिराख्ने । | मनोसामाजिक परामर्शकर्ता परिचालनका लागि आर्थिक स्रोतको अभाव हुनसक्ने । | • न्यायीक समिति<br>• महिला, बालबालिका तथा समाजकल्याण उपशाखा, |
| ७२ घण्टा देखि ७ दिन भित्र | • गर्भवती, सुत्केरी, बिरामी/अशक्त जेष्ठ नागरिक र अपांगता भएका ब्यक्तिहरु, अनाथ, असहायहरुलाई सहायताकोलागि आबश्यक समन्वयकारी भूमिका निर्बाह गर्न नियमित रुपमा स्वमंसेवक परिचालनको ब्यबस्था मिलाउने ।<br>• अपांगता सहायक सामाग्री उपलब्ध गराउने | • प्रभावितहरु सेल्टरमा बस्नुपर्ने अबधिभर दैनिक आलोपालोगरी खटिने स्वमंसेवकको सूचि तयार गर्ने ।<br>• अनुमानित सम्भावित संख्यामा अपांगता सम्बन्धि सहायक सामाग्रीहरु खरिद वा प्राप्तगरी भण्डारण गरी राख्ने । | • | • स्थानीय विपद् ब्यवस्थापन समिति<br>• महिला, बालबालिका तथा समाजकल्याण उपशाखा,<br>• संरक्षण क्षेत्रमा कार्यरत गैससहरु |
| ७ दिन देखि २ साता भित्र | • प्रभावित बालबालिका तथा महिलाहरुलाई मनोसामाजिक सेवामा निरन्तरता ।<br>• हिंसा दुर्व्यबहारबाट संरक्षणकोलागि नियमित रुपमा टोली वा ब्यक्ति परिचालन गर्ने । | • | • मनोसामाजिक परामर्शकर्ता परिचालनका लागि आर्थिक स्रोतको अभाव हुनसक्ने । | • महिला, बालबालिका तथा समाजकल्याण उपशाखा,<br>• संरक्षण क्षेत्रमा कार्यरत गैससहरु<br>• सुरक्षा निकाय |
| २ साता देखि १ महिना भित्र | • कानूनी तथा मनोसामाजिक सेवामा निरन्तरताका साथै बिशेष प्रकृतिका मुद्दाहरुलाई | • सहयोगी सरोकारवालाको पहिचान र समन्वय<br>• सचेतनाकोलागि आबश्यक | | • महिला, बालबालिका तथा समाजकल्याण |

| | | | | |
|---|---|---|---|---|
| | जिल्ला सेवा केन्द्र तथा सम्बन्धित निकायहरुमा रिफर<br>● अस्थाई आवासमा सम्भावित हिंसा बिरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्ने<br>● विपद्बाट प्रभावितहरुको अभिलेख राख्ने<br>● नियमित बैठकहरु र समिक्षा<br>● अनुगमन तथा प्रतिबेदन | बिषयबस्तु, सहजकर्ता र कार्यक्षेत्र निर्धारण | | उपशाखा, संरक्षण क्षेत्रमा कार्यरत गैससहरु |

## ३.६.बिषयगत क्षेत्रः खाद्य सुरक्षा

**अगुवाइ गर्ने निकायः** कृषि शाखा, टिकापुर नगरपालिका
**मुख्य बिपद्को किसिमः** १) बाढी, २) हावाहुरी, ३) आगलागी, ४) शितलहर, ५) जंगलिजनावरको आक्रमण र ६) भुकम्प

**विपद्को अनुमानित अवस्थाः**
नगरपालिका भित्रहुने गरेका बाढी, हावाहुरी, आगलागी, बन्यजन्तुको आक्रमण, शितलहर, भूकम्प लगायत प्रकोपवाट हुने विपद्को जोखीमवाट सम्भाव्य प्रभावित ५४८६ घर परिवारका २३७५४ जना हुन सक्नेछन् ।

- तत्कालै आवश्यक सुख्खा खानाको अभाव ।
